# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २५७ | काठमाडौं | आइतबार, २८ पुस २०८१ | Prabhab National Daily | Sunday, January 12, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# संसद् थुनेर अध्यादेश, विपक्षीको विरोध


■ प्रभाव संवाददाता


**काठमाडौं–** संसद् खुलाउन छाडेर प्रधानमन्त्री केपी शर्मा ओली फेरि अध्यादेशको बाटोमा लागेका छन् । मन्त्रिपरिषद् बैठकले शुक्रबार तीनवटा अध्यादेश राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो । केही नेपाल ऐन संशोधन अध्यादेश, भूमिसम्बन्धी कानुन संशोधन गर्न बनेको अध्यादेश र लगानीसम्बन्धी कानुन संशोधन गर्न बनेको अध्यादेश राष्ट्रपतिसमक्ष सिफारिस गरिएको प्रधानमन्त्री ओलीले शनिबार फेसबुकमार्फत जानकारी दिए ।

उनले लगानीसम्बन्धी कानुन संशोधन गर्न बनेको अध्यादेश सर्वाधिक महत्त्वपूर्ण भएको दाबी गरेका छन् । '...मन्त्रिपरिषद् बैठकले अध्यादेशमार्फत आइटीमा गरेको कमाइ स्वदेश भित्र्याउन सहज बनाउने कानुन राष्ट्रपतिसमक्ष सिफारिस गरिएको छ । यसले आइटीलाई विदेशी मुद्रा आर्जन गर्ने उद्योगका रूपमा विकास गर्ने हाम्रो विश्वास छ,' ओलीले भनेका छन् ।

केही नेपाल ऐन संशोधन अध्यादेशमा गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्ति र तिनको परिवारको सदस्यले १० वर्ष नेपाल बस्दा निःशुल्क भिसा पाउनेलगायतका कानुनी व्यवस्था उल्लेख छ । यससँगै सेवा प्रवाहमा नागरिक एप प्रयोगमा ल्याउने कानुनी व्यवस्था गर्न र श्रमिकको अनिवार्य अवकाश उमेर हद ५८ बाट ६० वर्ष बनाउने व्यवस्था रहेको बताइएको छ । सरकारको कार्यसम्पादन सरलीकरण गर्दै कुनै निर्णय गर्नुपर्ने अधिकारीले कानुनमा नै मिति तोकिएको भए सोहीबमोजिम र अन्य सबै अवस्थामा बढीमा सात दिनभित्र निर्णय गर्नुपर्ने कानुनी व्यवस्था अध्यादेशमार्फत गरिएको छ ।




> झन्डै दुईतिहाइ बहुमत भएको सरकारलाई आफैंप्रति विश्वास छैन जस्तो देखिएको छ । संसद्मा विधेयक लैजाँदा पास हुँदैन भन्ने डर लागेर अध्यादेश ल्याएको हो कि ?
>
> **■ नारायणकाजी श्रेष्ठ**
> **वरिष्ठ उपाध्यक्ष, माओवादी केन्द्र**

> अध्यादेश ल्याउन पाउने सरकारको संवैधानिक अधिकार हो । मुलुकमा तत्काल कानुनी व्यवस्था गर्नका लागि अध्यादेश ल्याउन पाउने अधिकार सरकारलाई छ ।
>
> **■ पृथ्वीसुब्बा गुरुङ**
> **मन्त्री, सञ्चार तथा सूचना प्रविधि**

विपक्षी दलहरूले सरकार अध्यादेशको बाटोमा लाग्नु गलत भएको बताउँदै विरोध जनाएका छन् । कानुन निर्माण गर्ने थलो संसद् थुनेर अध्यादेशमार्फत शासन चलाउनेगरी सरकार अघि बढेको विपक्षी दलहरूको आरोप छ । हुन पनि सरकारले गत ३१ भदौमा वर्षे अधिवेशन अन्त्य गरेको थियो । त्यसपछि हिउँदे (विधेयक) अधिवेशन बोलाउनुपर्थ्यो । विपक्षी दलहरूले छिटो संसद् बैठक आह्वान गर्न सरकारलाई दबाब दिइरहेको छ । विचाराधीन अवस्थामा थुप्रै विधेयक छन् । त्यसले गर्दा संसद् बैठक आह्वानका लागि दबाब दिइरहँदा सरकारले भने अध्यादेश ल्याउने कदम अघि बढाएको हो ।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले सरकारले एकपछि अर्को अध्यादेश ल्याउने तर संसद्को अधिवेशन नबोलाउने कार्य गरेर संसदीय अभ्यासमाथि प्रश्न उठ्ने काम गरिरहेको बताए । उनले संसद्मा विधेयक लैजाँदा पास नहुने डरले सरकारले अध्यादेशमार्फत राज्य सञ्चालन गर्न खोजेको आरोपसमेत लगाए । 'झन्डै दुईतिहाइ बहुमत भएको सरकारलाई आफैंप्रति विश्वास छैन जस्तो देखिएको छ । संसद्मा विधेयक लैजाँदा पास हुँदैन भन्ने डर लागेर अध्यादेश ल्याएको हो कि ?,' उनले भनेका छन् ।

अर्को विपक्षी दल राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद सोविता गौतमले पनि अध्यादेश ल्याउने सरकारको निर्णयप्रति आपत्ति जनाएकी छन् ।


⏭ क्रमशः पृष्ठ २ मा


# ओलीको बोलीले गठबन्धनमा हलचल



■ जेबी योञ्जन


**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान संशोधनबारे केही दिनअघि दिएको अभिव्यक्तिले सत्ता गठबन्धनमा ल्याएको हलचल अझै साम्य भएको छैन । ओली सरकारको प्रमुख सहयात्री कांग्रेसका नेताहरू पूरै असन्तुष्ट देखिएका छन् ।

असन्तुष्टमध्येका कांग्रेस नेता तथा पूर्वपरराष्ट्रमन्त्री एनपी साउदले ओलीको अभिव्यक्तिले कांग्रेस-एमाले गठबन्धन धरमराएको टिप्पणी गरेका छन् । उनले गठबन्धन ढल्न सक्नेसम्मको संकेत गरे । 'सात बुँदे सहमतिको महत्त्वपूर्ण बुँदा संविधान संशोधन २०८७ तिर भन्ने कुराले अहिले पिल्लर हल्लिएको छ,' कांग्रेस कपिलवस्तुले शनिबार आयोजना गरेको कार्यक्रममा उनले भने, 'त्यो पिल्लर हल्लियो भनेपछि दुई दलको सहमतिको पनि हल्लिएको छ । गठबन्धनको पिलर पनि हल्लिएको छ ।'

कांग्रेस नेतासमेत रहेका गृहमन्त्री रमेश लेखकले पनि ओलीको अभिव्यक्तिको विरोध गरेका छन् । उनले ओलीको अभिव्यक्ति अनपयुक्त बेला आएको बताएका छन् । 'उहाँ (प्रधानमन्त्री)ले अहिल्यै त्यसो नभन्नु भएको भए पनि हुन्थ्यो । तर, संविधान संशोधन नगर्ने भन्दा पनि त्यो भन्दा पहिल्यै राष्ट्रिय सभामा बहुमत नपुग्ने भन्दै ०८७ मा संविधान संशोधन हुन्छ भन्नुभएको हो,' लेखकले शनिबार धनगढी पुगेर भने ।

प्रधानमन्त्री ओलीले यही २३ पुसमा संविधान संशोधन २०८७ मा मात्रै हुने बताएका थिए । त्यसबेला एमालेको दुईतिहाइ बहुमत संसद्मा हुने र संविधान संशोधन हुने उल्लेख गरेका थिए । 'अहिले राष्ट्रिय सभामा एमालेको बहुमत छैन,



- एमालेको दुईतिहाइ बहुमत आएपछि संविधान संशोधन हुने प्रधानमन्त्री केपी शर्मा ओलीको अभिव्यक्तिले गठबन्धनको मुख्य सहयात्री कांग्रेस बिच्कियो
- ओलीको अभिव्यक्तिले गठबन्धनलाई गम्भीर धक्का पुग्ने आशंका
- गृहमन्त्री रमेश लेखकसहित कांग्रेस नेताहरु प्रधानमन्त्री ओलीको विरोधमा
- विपक्षी दलहरु यही मौकामा सत्ता गठबन्धन फुटाउने कसरतमा

२०८७ सालमा एमालेको बहुमत पुग्छ अनि त्यतिबेला संविधान संशोधन गर्ने छौं,' ओलीको भनाइ थियो ।

गत १७ असारमा व्यवसायी क्याप्टेन रामेश्वर थापाको घरमा मध्यरातमा कांग्रेस-एमालेबीच सात बुँदे सहमति भएको थियो । सहमतिको एउटा बुँदा संविधान संशोधनसम्बन्धी थियो । ओलीले साउनको पहिलो साता संसद्मा विश्वासको मत लिने क्रममा उक्त सहमतिका बुँदा सार्वजनिक गरेका थिए । संविधान संशोधन निर्वाचन प्रणालीमा गर्ने भनिएको थियो । तर, ओलीले पछिल्लोपटक सत्ता सहयात्री कांग्रेसको संविधान संशोधनमा हुने भूमिकालाई अलग गर्नेगरी अभिव्यक्ति दिएका हुन् ।


⏭ क्रमशः पृष्ठ २ मा




> प्रधानमन्त्रीले अहिल्यै त्यसो नभन्नु भएको भए पनि हुन्थ्यो । तर, संविधान संशोधन नगर्ने भन्दा पनि त्यो भन्दा पहिल्यै राष्ट्रिय सभामा बहुमत नपुग्ने भन्दै ०८७ मा संविधान संशोधन हुन्छ भन्नुभएको हो ।
>
> **■ रमेश लेखक**
> **गृहमन्त्री**



> प्रतिनिधिसभामा दुईतिहाइ बहुमत जुटाउन सकिने अवस्था छ तर संविधान संशोधनका लागि त राष्ट्रिय सभामा पनि त दुईतिहाइ बहुमत चाहिन्छ, अहिले हामीसँग राष्ट्रिय सभामा छैन, त्यो नहुँदा संविधान संशोधन मुस्किल छ, त्यही भन्नुभएको हो प्रधानमन्त्रीज्यूले ।
>
> **■ युवराज ज्ञवाली**
> **उपाध्यक्ष, नेकपा एमाले**



> सरकार जे गर्न गठन गरिएको भनिएको थियो, त्यसो गर्न सकेन, यो प्रधानमन्त्रीकै हालैको राजनीतिक प्रतिवेदनले पनि भनेको कुरा हो, यस्तो सरकारको औचित्य हुँदैन ।
>
> **■ राम कार्की**
> **सचिव, माओवादी केन्द्र**

**सन्दर्भः वैदेशिक रोजगार**

# म्यानपावर कम्पनीलाई दुईवटा 'आइडी' दिन साउदी दूतावास तयार

> साउदी आइडी सबैले सहज तवरबाट पाउनुपर्ने र भिसा सब्मिसनका लागि आवश्यक साउदी आइडी सबै एजेन्सीलाई दुई/दुई प्रति दिन साउदी संयोजकले गरेको आग्रहमा साउदी महामहिम साथै कन्सुलर सहमत हुनुभएको छ ।
>
> **■ राजेन्द्र भण्डारी**
> **अध्यक्ष, वैदेशिक रोजगार व्यवसायी संघ**




■ प्रभाव संवाददाता


**काठमाडौं–** साउदी अरेबियाको भिसा प्रक्रियाका लागि आवश्यक साउदी आइडी म्यानपावर कम्पनीले अब दुई-दुईवटा पाउने भएको छ । भिसा लगाउनका लागि व्यवसायीले भोग्दै आएका समस्यालाई सम्बोधन गर्न दुईवटा आइडी उपलब्ध गराउन नेपाल वैदेशिक रोजगार व्यवसायी संघले गरेको आग्रहपछि नेपालीस्थित साउदी राजदूतावास यसमा सहमत भएको हो ।

संघका अध्यक्ष राजेन्द्र भण्डारी र संघका साउदी संयोजक वैकुण्ठ पौडेलले शुक्रबार नेपालका लागि साउदी राजदूत र कन्सुलरसँग भेट गरी यसबारे कुरा राखेका थिए । साउदी दूतावासमा भएको छलफलपछि राजदूत अबु हमिद दुईवटा आइडी उपलब्ध गराउन तयार भएको अध्यक्ष भण्डारीले बताए ।

'शुक्रबार साउदी राजदूतावासका महामहिमका साथै कन्सुलरज्यूसँग महत्त्वपूर्ण छलफल भएको छ । उक्त छलफलमा साउदी आइडी सबैले सहज तवरबाट पाउनुपर्ने र भिसा सब्मिसनका लागि आवश्यक साउदी आइडी सबै एजेन्सीलाई दुई/दुई प्रति दिन साउदी संयोजकले गरेको आग्रहमा साउदी महामहिम साथै कन्सुलर सहमत हुनुभएको छ,' अध्यक्ष भण्डारीले भने ।

साउदी आइडी आवश्यक ठानेका व्यवसायीले राजदूतावासले तोकेका सबै कागजात पेस गर्न सक्ने पनि उनले जानकारी दिए । सबै व्यवसायीका आइडीका लागि आएका निवेदन लिएर साउदी आइडी दिन दूतावास तयार भएको अध्यक्ष भण्डारीले प्रस्ट पारे ।

'दुई आइडी आवश्यक ठानेका व्यवसायीले राजदूतावासले दिएको फर्म्याटमा आइडी बनाएर प्रत्येक शुक्रबार पेस गर्दा तुरुन्तै सञ्चालक वा एजेन्सी प्रतिनिधि दुई जनाकै नाममा आइडी पाउन सक्ने पनि महामहिम राजदूत अबु हमिदले बताउनुभएको छ,' उनले भने ।


⏭ क्रमशः पृष्ठ २ मा


# आइएलओका विभिन्न कानुन अनुमोदन गर्न सिफारिस

**काठमाडौं (प्रस)–** अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)का विभिन्न कानुन अनुमोदन गर्न केन्द्रीय श्रम सल्लाहकार परिषद्को बैठकले सिफारिस गरेको छ ।

संगठनको महासन्धि ८१ श्रम निरीक्षणसम्बन्धी महासन्धि, १९४७ र महासन्धि ८७ संगठनको स्वतन्त्रता र संगठित हुने अधिकारको संरक्षणसम्बन्धी महासन्धि, १९४८ एवं बाध्यकारी श्रम महासन्धि, १९३० सम्बन्धी २०१४ को प्रोटोकल २९ को अनुमोदन प्रक्रिया अघि बढाउन परिषद् बैठकले सिफारिस गरेको हो । श्रमसम्बन्धी विषयमा नेपाल सरकारलाई परामर्श दिने उद्देश्यले श्रम ऐन २०७४ को दफा १०२ बमोजिम गठन हुने केन्द्रीय श्रम सल्लाहकार परिषद्को शुक्रबारको बैठकले मन्त्रालयलाई यससम्बन्धी सिफारिस गर्ने निर्णय गरेको हो ।

परिषद्का अध्यक्ष एवं श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीको अध्यक्षतामा बसेको बैठकले केन्द्रीय श्रम सल्लाहकार परिषद्को अघिल्लो बैठकले गरेका निर्णयको कार्यान्वयनको अवस्थाको समीक्षा गरेको थियो । श्रम प्रशासन, सामाजिक सुरक्षा तथा व्यवसायजन्य सुरक्षा क्षेत्र सुधारका लागि पनि बैठकले निर्णय गरेको श्रममन्त्रीको सचिवालयले जनाएको छ ।


जनहितमा जारी सन्देश

**जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने
- कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रुपमा हिटर बन्द गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं
- गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरुमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

हराएका मोटरसाइकल खोजी अभियान

# पाँच महिनामै ७६५ वटा भेटिए

**काठमाडौं (प्रस)–** हराएका मोटरसाइकल खोजी अभियानलाई तीव्र पारेको नेपाल प्रहरीले पछिल्लो पाँच महिनामै ७६५ वटा हराएका दुईपांग्रे सवारीसाधन फेला पार्न सफल भएको छ। ती दुईपांग्रे सवारीसाधनमा ५८१ वटा मोटरसाइकल रहेका छन् भने १८४ वटा स्कुटर रहेको नेपाल प्रहरीका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले जानकारी दिए ।

प्रहरीले हराएका मोटरसाइकलमध्ये अहिलेसम्म ५३८ मोटरसाइकल र १७४ स्कुटर गरी कूल ७१२ वटा दुईपांग्रे सवारीसाधन सम्बन्धित धनीलाई बुझाइएको जानकारी दिएको छ। अरू बुझाउने प्रक्रियामा रहेको प्रवक्ता अधिकारीले जानकारी दिए। यसरी हराएका र भेटिएका मोटरसाइकलहरू काठमाडौं उपत्यकामा सबैभन्दा बढी रहेको पाइएको छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार उपत्यकामा हराएका ३८८ वटा मोटरसाइकल फेला पारिएकामा पछिल्लो पाँच महिनामा ३८१ वटा फेला पारी धनीलाई बुझाइएको छ ।

यस्तै उपत्यकामा हराएका १४७ स्कुटरमध्ये अहिलेसम्म १३८ वटा सम्बन्धित धनीलाई बुझाइसकिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक विनोद घिमिरेले जानकारी दिए। उनले यसरी चोरीमा संलग्न ४० जनालाई पक्राउ गरी कानुनी दायरामा ल्याइएको बताए ।

उनका सवारीधनीको लापरबाहीले यसरी सवारीसाधन हराइरहेका पाइएकाले विशेष सावधानी अपनाउन अनुरोध पनि गरेका छन् । प्रहरीले शुक्रबार सार्वजनिक गरेको पछिल्लो पाँच महिनाको विवरणअनुसार कोशी प्रदेशमा मोटरसाइकल र स्कुटर गरी ३५ वटा फेला पारिएकोमा ३४ वटा धनीलाई बुझाइएको छ र मधेस प्रदेशमा ५१ वटा दुईपांग्रे सवारीसाधन भेटिएकामा ४९ वटा धनीलाई बुझाइएको छ ।

यस्तै बागमती प्रदेशमा हराएका ४२ वटा फेला पारिएकोमा १८ वटा, गण्डकी प्रदेशमा ३७ वटा फेला पारिएकोमा सबै धनीलाई बुझाइएको प्रहरीले जानकारी दिएको छ। लुम्बिनी प्रदेशमा ३४ वटा फेला पारिएकोमा ३३ वटा बुझाइएको, कर्णाली प्रदेशमा २४ वटा फेला पारिएकोमा सबै र सुदूरपश्चिम प्रदेशमा छ वटा फेला परेकामा छ वटै परिवारलाई बुझाइएको प्रहरीले जानकारी दिएको छ। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले सवारीसाधन चोरी तथा हराउनबाट रोक्न आफ्नो सवारीसाधन सुरक्षित स्थानमा पार्किङ गरी, ह्वील लक, चेन लक, ह्यान्डिल लक, डिस्क लक गर्न तथा सुरक्षा साइरनहरू जडान गर्न अनुरोध गरेको छ ।

मानिसहरूको आवतजावत नहुने एकान्त स्थानमा पार्किङ गर्दा चोरीको डर हुने भएकाले त्यस्ता स्थानमा पार्किङ नगर्न काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक सञ्जयबहादुर राउतले सबैमा अनुरोध गरेका छन् । प्रहरीले सवारीसाधन हराएमा ट्राफिक प्रहरीको हटलाइन नम्बर १०३, नेपाल प्रहरीको हटलाइन नम्बर १०० मा फोन गर्न र नजिकको प्रहरी कार्यालयमा निवेदन दिन सकिने सार्वजनिक सूचना जारी गरी जानकारी दिएको छ ।

आँखा उपचारमा नेत्रज्योति संघको फड्को

# थाइल्याण्ड र मलेसियामा सेवा विस्तार गर्दै




**काठमाडौं (प्रस)–** विदेशमा रहेका नेपालीले नेपाली नेत्रविशेषज्ञबाट आँखा उपचार सेवा लिन पाउने भएका छन् । नेपाल नेत्रज्योति संघले विदेशमा बस्ने नेपालीलाई लक्षित गर्दै विदेशमा आँखा उपचार सेवा विस्तार गरेपछि विशेष गरेर वैदेशिक रोजगारीमा संलग्न नेपाली लाभान्वित हुने भएका हुन् ।

संघले पहिलोपटक यस्तो सेवा ओमानबाट सुरुआत गरिसकेको संघका महासचिव भरतबहादुर चन्दले जानकारी दिए । उनका अनुसार संघले अब छिट्टै थाइल्याण्ड र मलेसियामा आँखा उपचार सेवा थालनी गर्ने छ । महासचिव चन्दले भने, 'नेपाली राजदूतावास, गैरआवासीय नेपाली संघको सहकार्यमा संघले विदेशमा आँखा उपचार सेवा विस्तार गरिसकेको छ । संघको आँखा उपचार सेवा सस्तो र गुणस्तरीय हुने भएकाले यसको माग विभिन्न देशमा बस्ने नेपालीबाट भइराखेको छ । पहिलोपटक ओमानबाट सेवा सुरुआत गरिसक्यौं, अब निकट भविष्यमा थाइल्याण्ड र मलेसियबाट पनि आँखा उपचार सेवा थालिने गरिने छ ।'

नेत्रविशेषज्ञ प्रा.डा. देवनारायण साहको अध्ययनअनुसार नेपालको आँखा स्वास्थ्य उपचार सेवा विश्वमै सस्तो र गुणस्तरीय रहेको छ । यही कारण नेपालमा आँखा उपचार सेवा लिने विदेशीको संख्या पनि वृद्धि भइराखेको छ । उनका अनुसार तेस्रो मुलुकबाट मात्र गत वर्ष दुई लाख ५० हजार विदेशी नागरिकले नेपालको आँखा अस्पतालबाट सेवा लिएका थिए ।

अर्कोतर्फ संघले मागका आधारमा विदेशमा आफ्ना नेत्रविशेषज्ञलाई पठाइ सेवा दिनेसमेत गरेको छ । गत असोजमा संघद्वारा सञ्चालित लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर रण अम्बिका शाह आँखा अस्पताल भैरहवामा कार्यरत चिकित्सकले बंगलादेशको ढाकास्थित नेसनल इस्टिच्यूट अफ अप्थाल्मोलोजीमा सेवा प्रदान गरेका थिए । नेपाली चिकित्सकले ढाकामा भएको आन्दोलनका क्रममा आँखामा चोट लागेर नानी च्यातिएका, नानीमा गहिरो चोट लागेका, आँखाको पर्दा च्यातिएका, नानीमा रगत जमेकालगायत समस्या देखिएका बिरामीको उपचार तथा शल्यक्रिया गरेका थिए । संघका कार्यकारी निर्देशक डा. शैलेशकुमार मिश्रले भने, 'पछिल्ला वर्षमा नेपाल आँखा उपचारको पर्यटन गन्तव्य अर्थात् 'आइ मेडिकल टुरिजम'को रूपमा विकसित हुँदै गएको छ । सन् २०२३ मा मात्र भारत र बंगलादेशसहित विभिन्न देशका आठ लाख आँखाका बिरामीले संघको सञ्जालमार्फत आँखा उपचार गराएका छन् ।'

नेपालको आँखा स्वास्थ्य सेवामा सबैभन्दा ठूलो संयन्त्र भएको संघअन्तर्गत हाल देशभर २८ आँखा अस्पताल, १६० आँखा उपचार केन्द्र तथा ४५ जिल्ला शाखा सञ्चालनमा रहेका छन् । वि.सं. २०३५ मा स्थापना भएको संघले हालसम्म नेपाली नागरिक तथा अन्य नागरिक गरी कूल चार करोड ३६ लाख २६ आँखा बिरामीलाई उपचार सेवा प्रदान गरिसकेको छ । यसैगरी ५१ लाख ३३ हजार ६५९ जनाको शल्यक्रियामार्फत आँखाको ज्योति फर्काउन सफल भएको संघले जनाएको छ । संघका उपाध्यक्ष श्यामकुमार पोखरेलले भने, 'आँखा उपचार गर्न भनेर विदेश जानु पर्दैन, अब विदेशी नेपाल आउन थालेका छन् । आँखा स्वास्थ्य सेवामा नेपाल सक्षम भएको छ ।'

पृष्ठ १ बाट क्रमशः

## ओलीको बोलीले...

उसै त कांग्रेसको संस्थापनपक्षकै कतिपय नेताहरू प्रधानमन्त्री ओलीको चीन भ्रमणपछि सरकारकै चर्को आलोचनामा उत्रिरहेका छन् । बेल्ट एण्ड रोड एनिसियटिभ (बिआरआई) फ्रेमवर्कमा 'एड् फाइनान्सिङ' राखिएपछि ऋणसमेत आउने बताउँदै कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतदेखि साउदलगायत नेताहरू खुलेरै ओली र उनी नेतृत्वको सरकारको विरोधमा छन् । यहीबेला संविधान संशोधनको मितिबारे अभिव्यक्ति दिँदा कांग्रेस नेताहरू झनै बिच्किएका हुन् ।

कांग्रेसको संस्थापनइतर पक्षका नेता डा. शेखर कोइराला ओली सरकारको १०० दिन पूरा भएपछि लगातार विरोधमा छन् । सरकारले जनतामा आशा जगाउनेगरी काम गर्न नसकेको र सात बुँदे सहमतिको कार्यान्वयनमा विलम्ब गरेको भन्दै कोइराला समूहले आलोचना गर्दै आएको छ । एमाले उपाध्यक्ष युवराज ज्ञवालीले भने राष्ट्रिय सभामा सरकारमा रहेका दलहरूको दुईतिहाइ बहुमत नभएकाले संविधान संशोधन दलीय सहमतिविना असम्भव हुने बताए । प्रधानमन्त्री ओलीले त्यही असम्भव स्थितिलाई आधार मानेर अभिव्यक्ति दिएको भन्दै उनले बचाउ गरे ।

'प्रतिनिधिसभामा दुईतिहाइ बहुमत जुटाउन सकिने अवस्था छ तर संविधान संशोधनका लागि त राष्ट्रिय सभामा पनि त दुईतिहाइ बहुमत चाहिन्छ, अहिले हामीसँग राष्ट्रिय सभामा छैन, त्यो नहुँदा संविधान संशोधन मुस्किल छ, त्यही भन्नुभएको हो प्रधानमन्त्रीज्यूले,' उनले प्रभावसँग भने ।

तर, प्रधानमन्त्री ओलीको भनाइले गठबन्धनलाई गम्भीर धक्का पुग्ने आशंका सत्तापक्षकै नेताहरूबाट व्यक्त भइरहेका छन् । यहीबेला प्रधानमन्त्री ओलीको शब्दमा भन्दा प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), नेकपा एकीकृत समाजवादीसहितका दलहरू सरकारलाई घेराबन्दी गर्नेगरी अगाडि बढ्ने देखिएको छ ।

माओवादी केन्द्रका सचिव राम कार्कीले ओली सरकार भएको/नभएको जनताले महसुस नै नगरेको बताउँदै यस्तो सरकारको आयु लम्ब्याउन नहुने बताएका छन् । उनले जनताले 'डेलिभरी' खोजेको बताए । तर, सरकारको ध्यान त्यसतर्फ नभएको भन्दै उनले चिन्ता प्रकट गरे । 'सरकार जे गर्न गठन गरिएको भनिएको थियो, त्यसो गर्न सकेन, यो उहाँ (प्रधानमन्त्री)कै हालैको राजनीतिक प्रतिवेदनले पनि भनेको कुरा हो, यस्तो सरकारको औचित्य हुँदैन,' उनको भनाइ छ ।

मधेस पृष्ठभूमिका राजनीतिक दलहरू पनि मोर्चाबन्दीमा जुट्ने देखिएको छ । डा. सिके राउत नेतृत्वको जनमत पार्टीले मधेसवादी दलहरूलाई मोर्चामा संलग्न गराएर सरकारविरुद्ध उभिने छनक दिएको छ । यसो भएमा विपक्षी दलहरूको मोर्चा थप शक्तिशाली हुने देखिएको छ ।

तर, कांग्रेसले साथ दिउञ्जेलसम्म विपक्षी दलहरूले जति नै कसिलो मोर्चा बनाए पनि सत्ता हेरफेर गर्ने क्षमता राख्दैनन् । कारण, यी दुई दलको सरकारलाई निरन्तरता दिन आवश्यकताभन्दा बढी सिट संख्या संसद्मा छ । यद्यपि, पछिल्लो समय सत्ता सहयात्री कांग्रेसमा सरकारविरुद्ध असन्तुष्टि चुलिएको छ । माओवादी अध्यक्ष पुष्पकमल दाहाल असन्तुष्ट कांग्रेसलाई विश्वासमा लिने प्रयासमा रहेका छन् । यसअघि २१ फागुन २०८० मा आफूले कांग्रेससँगको गठबन्धन हेरफेर गरेर गम्भीर गल्ती गरेको भन्दै दाहालले पश्चताप गर्दै आएका छन् । कतिपयले भने यसलाई दाहालको सत्ता गठबन्धन भत्काउने रणनीतिक चालबाजीयुक्त अभिव्यक्ति भन्ने गरेका छन् ।

■■■

## संसद् थुनेर...

उनले संसद्मा तालाबन्दी गरेर बाहिरबाट कानुन बनाउने प्रक्रिया गलत भएको बताइन् । 'कानुन निर्माण संविधानतः संसद्ले गर्ने हो । अहिले संसद्मा सरकारले तालाबन्दी गरेर अध्यादेशमार्फत राज्य चलाउन खोजेको देखिएको छ,' गौतमको आरोप छ ।

सरकारले संसद्को अधिवेशन माघ दोस्रो साताका लागि बोलाउने तयारी गरेको छ । सरकारका प्रवक्ता तथा सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले १५ दिन राखेर अधिवेशन बोलाउने अभ्यास भएकाले सोहीअनुसार काम भइरहेको बताए । उनले भने, 'अध्यादेश ल्याउन पाउने सरकारको संवैधानिक अधिकार हो । मुलुकमा तत्काल कानुनी व्यवस्था गर्नका लागि अध्यादेश ल्याउन पाउने अधिकार सरकारलाई छ ।'

सरकारले यसअघि सहकारीसम्बन्धी अध्यादेश ल्याएको थियो । समस्याग्रस्त सहकारीका बचतकर्तालाई पहिलो प्राथमिकता दिएर पाँच लाख रूपैयाँसम्मको बचत फिर्ता गराउनेगरी अध्यादेश ल्याएको थियो । त्यसबारे विपक्षी दलहरूको विरोध थिएन । तर, पछिल्लोपटक भने एकैपटक तीनवटा अध्यादेश ल्याएपछि विपक्षी दलहरूले विरोध गरेका हुन् ।

स्रोतका अनुसार राजनीतिक दल विभाजन खुकुलो पार्नेगरीको अध्यादेश पनि ल्याउन ओली सरकारले चाहेका थियो । माधवकुमार नेपाल नेतृत्वको दल नेकपा एकीकृत समाजवादी विभाजन गर्ने मनसायले ओलीले अध्यादेश ल्याउन लाग्दा कांग्रेस सभापति शेरबहादुर देउवा असहमत भए । अन्ततः दल विभाजनसम्बन्धी अध्यादेशको बाटो रोकिएको हो । तर, सहकारीपछि तीनवटा अध्यादेश एकैपटक सरकारले ल्याएको छ ।

■■■

## म्यानपावर कम्पनीलाई...

यसअघि दूतावासले उपलब्ध गराउने साउदी आइडी नपाएका कारण वैदेशिक रोजगार व्यवसायीले भिसाका लागि प्रक्रिया अगाडि बढाउन समस्या भोग्दै आएका थिए । साउदी आइडी नहुँदा कतिपय मागपत्रसमेत गुमाउनुपरेको व्यवसायीले गुनासो गर्दै आएका छन् । आइडी नपाएका कतिपय व्यवसायीले भने अइडी भएका म्यानपावर कम्पनीको सहायता लिनुपरेको थियो ।

व्यवसायी समस्यामा परेपछि संघले साउदी आइडी सहज बनाउनका लागि निरन्तर पहल गर्दै आएको थियो । यही क्रममा शुक्रबार भएको भेटवार्ताले सकारात्मक नतिजा ल्याएको अध्यक्ष भण्डारीको भनाइ छ । आवश्यक पर्ने सबै म्यानपावर कम्पनीलाई दुईवटासम्म आइडी दिने भएसँगै साउदी अरेबियामा कामदार पठाउने व्यवसायीलाई राहत मिल्ने संघको अपेक्षा छ ।


**कतारमा रोजगार** — कम्पनी : Chai Jmr

पूर्व स्वीकृति मिति : २०८१/०३/२५ | LT. No. 307311 | चलानी नं. ६०२२२०३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. |
|---|---|---|---|---|---|
| 1 | LABOUR | 1 | 0 | 1000 | ३७,७६४ |
| 2 | GENERAL CLEAN WORKER | 3 | 0 | 1000 | ३७,७६४ |

खाना सुविधा: छ

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०८१ माघ ६ गते (19th Jan. 2025) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६६९/०८०/०८१

ASLIYA MANPOWER SUPPLY PVT. LTD.
Kathmandu Metropolitian City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

शनिबार, २८ पुस, २०८१

| | |
|---|---|
| मेष | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |
| वृष | सुखद् समाचारले उत्साह जगाउन छ । |
| मिथुन | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| कर्कट | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| सिंह | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |
| कन्या | दिगो कामको जग बसाउन सकिने छ । |
| तुला | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| वृश्चिक | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |
| धनु | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने । |
| मकर | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |
| कुम्भ | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |
| मीन | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२८ पुस, २०८१ (१२ जनवरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३७.०६ | १३७.६६ |
| युरो | १ को | १४१.१८ | १४१.८० |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.३९ | १६९.१२ |
| स्विस फ्रैन्क | १ को | १५०.२२ | १५०.८८ |
| अस्ट्रेलियन डलर | १ को | ८४.९३ | ८५.३० |
| क्यानाडियन डलर | १ को | ९५.२४ | ९५.६६ |
| सिङ्गापुर डलर | १ को | १००.१३ | १००.५७ |
| जापानी येन | १० को | ८.६८ | ८.७२ |
| चिनियाँ युआन | १ को | १८.६९ | १८.७७ |
| साउदी अरब रियाल | १ को | ३६.५१ | ३६.६७ |
| कतारी रियाल | १ को | ३७.५९ | ३७.७६ |
| थाई भाट | १ को | ३.९६ | ३.९८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.३२ | ३७.४८ |
| मलेसियन रिङेट | १ को | ३०.४४ | ३०.५७ |
| दक्षिण कोरियन वन | १०० को | ९.३८ | ९.४२ |
| स्विडिस क्रोनर | १ को | १२.२९ | १२.३४ |
| डेनिस क्रोनर | १ को | १८.९२ | १९.०० |
| हङकङ डलर | १ को | १७.६२ | १७.६९ |
| कुवेती दिनार | १ को | ४४४.४३ | ४४६.३८ |
| बहराइन दिनार | १ को | ३६३.५६ | ३६५.१६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# जंगी अड्डामा मनाइयो पृथ्वी जयन्ती



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली सेनाले विभिन्न कार्यक्रमसहित पृथ्वीनारायण शाहको ३०३औं जन्मजयन्ती मनाएको छ । पृथ्वी जयन्तीका अवसरमा शनिबार सैनिक मुख्यालय जंगी अड्डामा विविध कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा 'नेपाल एकीकरणमा पृथ्वीनारायण शाहको देन, नेपाली सेना र राष्ट्रियता' तथा 'पृथ्वीनारायण शाहको दिव्योपदेश'सम्बन्धी प्रवचन, 'एकताको वीज' नामक लघु नाटक प्रदर्शन र कविता प्रस्तुत गरिएको थियो । समारोहमा प्रमुख सेनानी चन्द्रशेखर काप्रीले 'जन्मेर आऊ,' उपसेनानी बलदेव केसीले 'राष्ट्र निर्माताको देन' र प्राविधिक जम्दार देवीप्रसाद बरालले 'एकताको मियो,' सैनिक आवासीय महाविद्यालय भक्तपुरका छात्र उत्सव आचार्यले 'पृथ्वी सन्देश,' राष्ट्रिय सेवादलका क्याडेट तात्रा सलिना खड्काले 'नेपाल: एकता र साहसको प्रतिविम्ब' र रोशनी तण्डुकारले 'मेरो घर, मेरो महिमा'शीर्षकको कविता प्रस्तुत गरे ।

उक्त अवसरमा इतिहासविद् प्रा.डा. राजाराम सुवेदी र प्राध्यापक डा. त्रिरत्न मानन्धरले नेपाल एकीकरणमा पृथ्वीनारायणको भूमिका र उनको दिव्योपदेशसम्बन्धी प्रवचन दिएका थिए । समारोहमा प्रधानसेनापति अशोकराज सिग्देलले कविता प्रतियोगितामा सकल दर्जा र सैनिक महाविद्यालय र राष्ट्रिय सेवादलतर्फ उत्कृष्ट हुनेलाई पुरस्कार र प्रमाणपत्र तथा प्रवचनकर्तालाई प्रशंसापत्र प्रदान गरे ।

उपरथी दीपककुमार बानियाँले पृथ्वी जयन्तीका अवसरमा नेपाली सेनाले प्रत्येक वर्ष जंगी अड्डादेखि युनिट तहसम्म विविध कार्यक्रम आयोजना गर्दै आइरहेको जानकारी दिए । यस वर्षको पृथ्वी जयन्तीका अवसरमा शाहको जीवनी, दिव्योपदेशसम्बन्धी ५२ वटा प्रवचन, चारवटा पदयात्रा कार्यक्रम, २६ वटा अनुसन्धानात्मक आलेख, कविता, वक्तृत्वकला प्रतियोगिता, दौड र विभिन्न पेसागत कला प्रदर्शन भएका उनले जानकारी दिए । सेनाले सञ्चालन गरेको विविध क्रियाकलापमा करिब ११ हजार ५०० फौज प्रत्यक्षरूपमा सहभागी भएको उनको भनाइ छ ।

उपरथी बानियाँले जंगी अड्डा तहमा सैनिक महाविद्यालयस्तरीय लघु नाटक प्रतियोगिता, सकल दर्जा, सैनिक महाविद्यालय र राष्ट्रिय सेवा दलका क्याडेट सम्मिलित कविता प्रतियोगितासमेत सञ्चालन गरिएको बताए । नेपाली सेनाले पृथ्वीनारायण शाहलाई आफ्नो संस्थापक मान्दै आइरहेको छ ।

## राष्ट्रपतिद्वारा शाहको सालिकमा माल्यार्पण



**काठमाडौं (प्रस)–** राष्ट्रपति रामचन्द्र पौडेलले ३०३औं पृथ्वी जयन्तीका अवसरमा पृथ्वीनारायण शाहको सालिकमा माल्यार्पण गरेका छन् । उनले शनिबार बिहान सिंहदरबार पश्चिम गेट पुगेर नेपाल एकीकरण अभियानका नेतृत्वकर्ता शाहको सालिकमा माल्यार्पण गरेका हुन् ।

उक्त अवसरमा सोही स्थानमा आयोजित कार्यक्रममा नेपाली सेनाले सम्मान गारत अर्पण गरेको थियो । त्यसअघि एक सन्देश जारी गर्दै राष्ट्रपति पौडेलले शाहका दिव्योपदेशहरू अर्थतन्त्र निर्माण, राष्ट्रप्रेम, छिमेकी राष्ट्रहरूसँग कूटनीतिक सम्बन्ध निर्माणका लागि मार्गदर्शक भएको बताएका थिए ।

उनले स-साना राज्यमा छरिएर रहेको नेपाल हालको अवस्थासम्म आइपुग्न हाम्रा धेरै पूर्वजहरूले पुर्‍याएको योगदानलाई हामीले बिर्सन नहुने बताएका छन् । 'पृथ्वीनारायण शाहले स-साना टुक्रामा छरिएर रहेका राज्यहरूलाई एकीकरण गरेर आधुनिक नेपाल राष्ट्रको निर्माण गरेको र सो अभियानलाई इतिहासको विभिन्न कालखण्डमा हाम्रा वीर पुर्खाहरूले निरन्तरता दिएको कारणले हामीले आज सार्वभौम र स्वतन्त्र नेपाल भनेर गर्व गर्न पाएका छौं,' राष्ट्रपति पौडेलले आफ्नो सन्देशमा भनेका छन्, 'यही आधारभूमिमा टेकेर हामीले नेपाललाई स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भनेर घोषणा गरिसकेका छौं । स-साना राज्यमा छरिएर रहेको नेपाल हालको अवस्थासम्म आइपुग्न हाम्रा धेरै पूर्वजहरूले पुर्‍याएको योगदानलाई हामीले बिर्सन हुँदैन ।'



**पृथ्वी जयन्ती** | ३०३औं पृथ्वी जयन्तीका अवसरमा शनिबार सिंहदरबारको पश्चिम द्वारस्थित पृथ्वीनारायण शाहको शालिकमा माल्यार्पण तथा पुष्पगुच्छा अर्पण गर्ने क्रममा सहभागीहरू । *तस्बिर: हरिराम भेटुवाल/रासस*

# टोखामा माघ १ गते 'चाकु दिवस' मनाइँदै



**काठमाडौं (प्रस)–** टोखामा माघे संक्रान्तिको पर्वका अवसरमा 'चाकु दिवस' मनाइने भएको छ । नेपा: युवा क्लब टोखाको आयोजना तथा टोखा परम्परागत चाकु संरक्षण समाजको सहकार्यमा माघे संक्रान्ति पर्वको अवसरमा अगामी माघ १ गते टोखाबजारमा 'चाकु दिवस' मनाउन लागिएको हो ।

टोखा परम्परागत चाकु संरक्षण समाजका अध्यक्ष कृष्ण श्रेष्ठले टोखाभित्र उत्पादित चाकु र यसबाट बनेको परिकारलाई चाकु दिवसको अवसरमा प्रदर्शनमा राखिने जानकारी दिए । टोखामा माघे संक्रान्ति पर्वको अवसरमा 'चाकु दिवस तथा बृहत् सांस्कृतिक तथा सम्मान कार्यक्रम' हुने छ ।

अध्यक्ष श्रेष्ठले टोखाभित्र उत्पादित सामग्रीसमेतलाई चाकु दिवसमा प्रदर्शन गरिने बताए । टोखा उखु खेती हुने पुरानो बजार हो । काठमाडौंको उत्तरी क्षेत्रमा रहेको टोखा नेवारी भाषामा 'टु' र 'ख्य' शब्दबाट बनेको हो । नेवारी भाषामा 'टु' को अर्थ उखु र 'ख्य' को अर्थ खेती भन्ने गरिन्छ । उखुखेती हुने टोखामा लिच्छवीकलाको ५१९ देखि चाकु बनाउन थालिएको किंवदन्ती छ । टोखामा हाल चाकुका १४ उद्योग रहेका छन् । टोखा नगरपालिकाले टोखा क्षेत्रको पहिचानलाई कायम गर्नका लागि टोखाबजारमा उखु खेतीको कार्यक्रमलाई समेत अगाडि बढाउन लागेको छ । यस्तै टोखाको पहिचानको रूपमा रहेको चाकु स्तम्भसमेत टोखामा निर्माण गर्न लागिएको छ ।

# कमपा-४ का पूर्ववडाध्यक्ष विष्ट पक्राउ, सात करोड ठगीको आरोप



■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिका वडा नम्बर ४ का पूर्ववडाध्यक्ष मोहनबहादुर विष्ट पक्राउ परेका छन् । सात करोड ठगी गरेको आरोपमा उनलाई शनिबार बिहान प्रहरीले पक्राउ गरेको हो ।

प्रहरीले विष्टलाई शुक्रबार नै पक्राउ पुर्जीसहित पक्राउ गर्न खोजे पनि उनी फरार थिए । शनिबार बिहान उनलाई शंखपार्कबाट प्रहरीले पक्राउ गरेको हो । २०७४ सालको स्थानीय तह निर्वाचनमा नेकपा एमालेबाट उम्मेदवार बनेका उनी वडाध्यक्षमा निर्वाचित भएका थिए । ज्येष्ठ नागरिक भत्ता अनियमितता गरेको आरोपमा त्यस बेला पनि विष्टले मुद्दा खेपेका थिए ।

सार्वजनिक जग्गा संरक्षण गर्ने भन्दै वडाध्यक्ष भएका बखत स्थानीयवासीको घर टहरा भत्काउन डोजर लिएर पुग्ने विष्ट आफैंले धुम्बाराही चोकबाट मण्डिखाटार जाने पुरानो बाटो अहिलेसम्म पनि अतिक्रमण गरिरहेका छन् । जग्गा बिक्री गर्ने भन्दै तारकेश्वर वडा नं ८ मनमैजु बस्ने राजेन्द्र कोइरालाबाट पाँच करोड रूपैयाँ बैनास्वरूप लिएको र पछि थप एक करोड ९७ लाख रूपैयाँसहित करिब सात करोड रूपैयाँ लिएर जग्गापास नगरी आलटाल गर्दै आएको आरोप उनीमाथि लागेको छ ।

करिब तीन वर्षदेखि पैसा लिएर फिर्ता नगरेपछि कोइरालाले प्रहरी परिसर टेकुमा उजुरी गरेका थिए । कोइराला र विष्टबीच पटक-पटक प्रहरी परिसरमा छलफल भए पनि विष्टले रकम फिर्ता नदिएपछि उनले पुनः ठगी मुद्दा दायर गरेका थिए । पक्राउ परेका विष्टलाई अहिले प्रहरी परिसरमा राखिएको परिसरका प्रवक्ता नवराज अधिकारीले जानकारी दिएका छन् । विभिन्न आरोपमा मुद्दा खेपिरहेका विष्टलाई २०८० वैशाखमा भएको स्थानीय तह निर्वाचनमा एमालेले टिकट नदिएपछि एमाले छाडेर प्रदेशसभामा स्वतन्त्र उम्मेदवार बनेर चुनाव लडेका थिए ।

# पुल मर्मत नहुँदा यात्रा जोखिमपूर्ण

**ललितपुर–** बाढीबाट क्षति पुगेको नख्खुडोल पुलमर्मत नहुँदा स्थानीयहरू जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका छन् । ललितपुर महानगरपालिका-१४ को नख्खुडोल र वडा नं १५ को सैँबु जोड्ने नख्खु खोला पुल गत असोज १२ गते आएको बाढीले क्षतिग्रस्त बनेको थियो ।

बाढीले प्वाल पारेको पुल फलामको सहायताले दुईपांग्रे सवारी गुड्न सक्नेगरी अस्थायीरूपमा एकतर्फी सञ्चालनमा ल्याइएको छ । ललितपुर महानगरपालिका-२५ का स्थानीय उमेश थापा नख्खुडोल पुल भत्केपछि करिब डेढ किलोमिटर पश्चिमतर्फको नख्खु पुलहुँदै यात्रा गर्नुपर्ने बाध्यता थपिएको सुनाउँछन् । साँघुरो पुलमा अहिले प्राय:जसो दुईपांग्रे सवारीसाधनको जाम हुने गरेको छ । नख्खुडोलका स्थानीय कमल राईले कार्यालय समयमा पुलमा अत्यधिक जाम हुँदा समस्या भइरहेको बताए ।

उनले भने, 'बाढीले क्षति गरेको चार महिना बित्न आँटिसक्यो, अहिलेसम्म जीर्ण अवस्थामा रहेको नख्खुडोल पुल अझै मर्मत भएको छैन । यसले गर्दा आवातजावत गर्न निकै असहज भएको छ ।'

पुल मर्मतका लागि ललितपुर महानगरपालिकाले ६७ लाख रूपैयाँ विनियोजन गरेको छ । ललितपुर महानगरपालिका-२५ का वडाध्यक्ष दौलतकुमार खत्रीले पुल मर्मत चाँडै सुरु गरिने बताए । ललितपुर महानगरपालिका-१४ का वडाध्यक्ष अमृत महतले ठेक्का प्रक्रियामा केही ढिलाइ भएकाले पुल मर्मतमा विलम्ब भएको स्वीकार गरे । उनले भने, 'अहिले अस्थायीरूपमा मोटरसाइकल आवातजावत गर्न मिल्ने बनाइएको छ । पुल मर्मतमा ढिलासुस्ती हुँदा स्थानीयलाई आवातजात गर्न असहज भएको पक्कै हो, अब छिट्टै समस्याको समाधान हुन्छ ।' *रासस*


## सूचना

'सूचना तथा प्रसारण विभागमा दर्ता नं.४७६/०७४/०७५ मिति २०७४/०६/३० मा दर्ता रहेको **बसुन्धरा सञ्चार प्रा.लि.** द्वारा सञ्चालित www.rastrapukar.com नामक अनलाईन पत्रिका यस कम्पनिबाट हस्तान्तरण हुने हुँदा यस कम्पनिसँग सम्बन्धित कुनै श्रमजीवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति २०८१ माघ ११ गते (१५ दिन भित्र) यस कम्पनीको ठेगाना कामपा ३ बसुन्धरा, संचालकको मोबाइल नम्बर.९८१३४२६४८० वा इमेल rastrapukarnews@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै समयमा उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडी बढाउने व्यहोरा अनुरोध छ ।'

## सच्याइएको

मिति २०८१ को प्रभाव दैनिक वर्ष ११ अंक २५४ पुस २५ गते प्रकाशित भएको **Greenland Services Pvt. Ltd.** को Lot No. 316770 को **GREEN & MORE LANDSCAPE GARDENING L.L.C** कम्पनीको विज्ञापनमा **युएइमा रोजगार** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

Greenland Services Pvt. Ltd.

## युएइमा रोजगार

कम्पनी : RUKN AL LULU CONCRETE CARPENTER CONT

पूर्व स्वीकृति मिति : २०८१/०९/२५ | LT. No. 316917 | चलानी नं. ६०२३१२०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICK MASONS | 1 | 0 | 1200 | ४५,१७८ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | BRICKLAYER | 7 | 0 | 1200 | ४५,१७८ | | | | | | | |
| 3 | Carpenter | 8 | 0 | 1200 | ४५,१७८ | | | | | | | |
| 4 | Construction Carpenter/carpenter | 1 | 0 | 1200 | ४५,१७८ | | | | | | | |
| 5 | Steel Fixer | 8 | 0 | 1200 | ४५,१७८ | | | | | | | |

कम्पनी : AL WAHA AL MASEYAH SANITARY CONT

पूर्व स्वीकृति मिति : २०८१/०९/१६ | LT. No. 316918 | चलानी नं. ६०२३१२०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Plumbers | 3 | 0 | 1200 | ४५,१७८ | श्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | pipe & tube laying man | 4 | 0 | 1200 | ४५,१७८ | | | | | | | |
| 3 | Piping And Pipe Installation Worker | 4 | 0 | 1200 | ४५,१७८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ६ गते (19th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Broadway Overseas Employment Service Pvt. Ltd.**
Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368,
Mobile: 9851116030, 985-1023153, 9810318569, 9851149772, 9851071774
Govt. License 378/059/060

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८१/०९/२८**

**सिनिक माउन्टेन ट्रान्सपोर्ट प्रा.लि.** को मिति २०८१/०८/०७ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सिनिक चार्टर्स सर्भिस प्रा.लि. (प्रा.लि. नं.: ६७८४८)** कायम गर्ने गरी मिति २०८१/०८/१० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०९/२८ गते**

**सेकुवा ग्रीण**को मिति २०८१/०२/०५ मा सम्पन्न विशेष/वार्षिक साधारणसभाको निर्णय वमोजिम साविक कम्पनी **(एन.आर.फ्रेन्च हाउस प्रा.लि.)** को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सेकुवा ग्रीन प्रा.लि. (प्रा.लि. नं.१७८५०७)** कायम गरी मिति २०८१/०४/२४ को कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकाले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रदेश सरकार
सुदुरपश्चिम प्रदेश
भौतिक पूर्वाधार विकास मन्त्रालय
**भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय**
धनगढी, कैलाली

## बोलपत्र आव्हान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिती : २०८१/०९/२८**

यस कार्यालयलको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत पम्पघर निर्माण, वितरण प्रणाली, विद्युतीकरण तथा समरसिबल पम्प जडान कार्यका लागी बोलपत्र सार्वजनिक खरीद अनुगमन कार्यालयको वेवसाइट: https://www.bolpatra.gov.np/egp/ मा आव्हान गरीएको हुँदा नेपाल सरकार बाट सम्बन्धित कामका लागी इजाजत प्राप्त इच्छुक फर्महरूले e-GP System को माध्यमबाट मात्र बोलपत्र पेश गर्न हुन यो सुचना प्रकाशित गरीएको छ ।

**डिभिजन प्रमुख**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# महँगी नियन्त्रण प्रभावकारी बनाऊ

अहिले संसद्को पहिलो र दोस्रो ठूलो दल सरकारमा छ । सरकारमा स्थिरतासहित जनमुखी काम गर्ने भन्दै पहिलोपटक दुई ठूला दल मिलेर सरकार चलाएका हुन् । सरकारको नेतृत्व गरिरहेका छन् एमाले अध्यक्ष केपी शर्मा ओली । उनी हरेक मञ्चमा बोल्दा वर्तमान सरकारले जनतालाई राहत दिने काम गरिरहेको बताउँछन् । उनका विश्वासपात्र अर्थमन्त्री विष्णुप्रसाद पौडेल पनि यस्तै भाषण दिने गरेका छन् । तर, उनीहरूको भनाइ सरकारकै निकायबाट सार्वजनिक तथ्यांकसँग मेल खाँदैन । यसको उदाहरण हो, शुक्रबारमात्रै सार्वजनिक नेपाल राष्ट्र बैंकको प्रतिवेदन ।

राष्ट्र बैंकले 'देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति' प्रतिवेदन सार्वजनिक गर्दै महँगीले वाञ्छित सीमा नाघेको जनाएको हो । चालु आर्थिक वर्षको पाँचौं महिना अर्थात् गत मंसिरको विवरण समेटेर ल्याएको प्रतिवेदनबाट पुष्टि हुन्छ, सरकार महँगी नियन्त्रणमा चुकेको छ । आमजनताको जीविकोपार्जन प्रभावित हुनेगरी खाद्यवस्तुको मूल्यवृद्धि उच्च कायम भएको छ । प्रतिवेदनअनुसार गत मंसिरमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ६.०५ प्रतिशत कायम भएको छ । जबकि, सरकारले चालु अवमा ५.५ प्रतिशतको वाञ्छित सीमा राखेको छ । अघिल्लो वर्षको सोही अवधिमा मुद्रास्फीति ४.९५ प्रतिशतमा सीमित थियो ।

समीक्षा अवधिमा गैरखाद्य वस्तुभन्दा खाद्यवस्तुमा मूल्यवृद्धि उच्च देखिएको छ । गत मंसिरमा खाद्य तथा पेयपदार्थ समूहको मूल्यवृद्धि ९.९९ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मूल्यवृद्धि ३.९२ प्रतिशत रहेको छ । ग्रामीण क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ६.५२ प्रतिशतले बढेको छ । यता सहरी क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ५.८९ प्रतिशत छ । प्रदेशगतरूपमा कोशी प्रदेशमा सबैभन्दा बढी ७.३६ प्रतिशतले मूल्यवृद्धि भएको तथ्यांक छ । हिमाली क्षेत्रमा पनि मूल्यवृद्धि उच्च देखिएको छ ।

मूल्यवृद्धिको प्रत्यक्ष मार सर्वसाधारणले बेहोर्नुपरेको छ । मुलुकको अर्थतन्त्र संक्रमणकालीन अवस्थाबाट बाहिर नआइसकेको अवस्थामा महँगी अनियन्त्रित बन्दा जनता मारमा परेका हुन् । जनतालाई राहत दिने भाषणमा होइन, व्यवहारमा चाहिएको छ । हरेक क्षेत्रको महँगी धान्न यहाँ जनता तयार छैनन् । उनीहरूसँग क्षमता छैन । त्यसकारण सरकारले मूल्यवृद्धि नियन्त्रणका लागि प्रभावकारी कदम चाल्नुको विकल्प छैन । यस कार्यमा सरकार तत्काल अघि बढोस् ।

# संसद्लाई संसद्जस्तै रहन दिऔं



■ डा शोभाकर पराजुली

एउटा दलले अर्को दलको विरोधमा वा सामान्य कुरामा पनि संसद्को बैठकहरू अवरूद्ध हुँदा त्यसले कति क्षति पुऱ्याउँछ भन्ने कुनै गणितीय हिसाब हुँदैन तर त्यसको असर भने जनताको दीर्घजीवनमा निकै नकारात्मक तरिकाले परिरहेको हुन्छ । एकातिर संसदीय दल र संसदीय अभ्यासप्रति आमजनताको भरोसा टुट्दै जान्छ । जनताको जीवनलाई सम्बोधन गर्ने नीति, ऐन, कानुन निर्माण अवरूद्ध भइरहेका हुन्छन् । संसद् अवरूद्ध हुँदा वा त्यसको नियमितता बिथोलिँदा सरकारलाई खबर गर्ने थलो हुँदैन र सरकार एकांकी हुन जान्छ ।

नेपालले संसदीय संरचना र संसद्को सर्वोच्चतासहितको शासकीय प्रणाली अपनाएको छ दशकभन्दा धेरै समय भइसकेको छ । तथापि संसदीय सर्वोच्चतालाई साँचो हृदयले आत्मसात् गर्न नसक्दा आमनागरिकले त्यसको प्रभावकारिता महसुस गर्न सकेका छैनन् ।

संसद् भनेको खासगरी जनताको थलो हो । जननिर्वाचित प्रतिनिधिहरूले जनताका मुद्दाबारे सरकारलाई खबरदारी गर्ने र जनहितमा ऐन, कानुन निर्माण गर्ने थलोका रूपमा यसलाई बुझ्ने गरिन्छ । कामकाजी भाषामा भन्ने हो भने संसद् जनताको जीवनसँग गाँसिएको एउटा लोकतान्त्रिक अभ्यासको थलो हो । लोकतन्त्रको एउटा उत्कृष्ट अभ्यासका रूपमा रहेको चुनावमार्फत जनताले आफ्ना प्रतिनिधि रोजेर पठाउँछन् । देशभरिबाट चुनिएर आएका तिनै प्रतिनिधिहरूलाई सांसद र उनीहरूले मन्थन गर्ने थलो भनेको संसद् हो । यसलाई प्रतिनिधिसभा वा तल्लो सदन पनि भन्ने चलन छ ।

यसरी जनताले आफैं प्रत्यक्ष नभए पनि आफ्ना प्रतिनिधिमार्फत नीतिगत तहमै आफ्नो प्रतिनिधित्व महसुस गरेका हुन्छन् तर यसरी चुनिएर आएका प्रतिनिधिहरूले नै जनतालाई महसुस हुनेगरी काम नगर्दा आमनागरिकमा संसद्प्रति नै भरोसा रहँदैन । यसर्थ संसद् भनेको लोकतन्त्र निखार्ने एउटा प्रतिनिधिमूलक थलो पनि हो, जहाँ बसेर जनप्रतिनिधिहरूले सरकारलाई खबरदारी गर्न सक्छन् । जनताको जीवनसँग गाँसिने र उनीहरूलाई महसुस हुनेगरी ऐन, कानुन बनाउन सक्छन् । हाम्रा सांसदहरूले भने विस्तारै लोकतन्त्रको यो उच्चतम परिभाषा बोकेको संसद्को मान्यतालाई नै बिथोल्न थालेका छन् । त्यसैले 'भोट हाल्नका लागि हाल्दिएको' भनेर नागरिकले पनि वास्ता गर्दैनन् । जनता र जनप्रतिनिधिबीच नजिकको सम्बन्ध हुनुपर्नेमा टाढा हुन जाँदा संसद्ले जनविश्वास गुमाउँदै गएको त छैन भन्ने प्रश्न उठ्न दिनु हुँदैन ।

नेपालमा पहिलोपटक २०१५ सालमा आमनिर्वाचन भयो । राणा शासनको अन्त्यपछि नेपाली कांग्रेसले नै एउटा सार्वभौम संसद्को माग अघि सारेको थियो । यद्यपि, त्यो बेला 'क्रान्तिकारी'हरूले संविधानसभाकै गठन हुनुपर्ने भनेका थिए तर राणासँगको सम्झौतापछि राणा-कांग्रेसको संयुक्त सरकार बन्यो । त्यो अन्तरिम सरकार पनि संविधानसभा बनाउने कि संसदीय निर्वाचन गर्ने भन्ने अलमलमै बित्यो । यो अलमलका आठ वर्षपछि अन्ततः २०१५ फागुन ७ मा पहिलोपटक संसदीय निर्वाचनको घोषणा भयो । नेपालको शासकीय राजनीतिक इतिहासमा यो पहिलो चुनाव ४५ दिनसम्म चलेको थियो । त्यसपछि २०१६ असार १६ गते मध्यरातमा मात्रै संसद्को पहिलो बैठक बोलाइएको थियो ।

नेपालमा संसदीय राजनीतिको इतिहासमा यो पहिलो कोसेढुंगा थियो । तथापि यो संसद्ले आफ्नै पूरै शैशवकाल पनि बाँच्न पाएन । संसदीय अभ्यास तंग्रिन पनि नपाउँदै १८ महिनापछि राजा महेन्द्रले संसद् र संसद्बाट निर्वाचित सरकारमाथि प्रतिबन्ध लगाए । जनताको प्रजातान्त्रिक अभ्यास गर्ने थलो खोसियो । जननिर्वाचित प्रधानमन्त्री अनि देशका गन्यमान्य नेताहरूलाई पनि राजाले जेल हाले । त्यसपछिका करिब ३० वर्ष राजाले ल्याएको त्यही पञ्चायती व्यवस्थासँगै जनमतले नभएर राजाको हुकुमी शासन चल्यो । त्यतिबेला पनि पञ्चायती भारद्वारहरूको पञ्चायती सभाहरू त हुन्थे तर ती अधिकार खोसिएका जनताका लागि कुनै कामका थिएनन् । ती त बरु दरबार रिझाउने र जनतामाथि शासन लाद्नेहरूको मात्रै पञ्चायत थिए ।

वि.सं. २०४६ को जनआन्दोलनपछि फेरि संसद् पुनःस्थापित भयो । र, २०४८ सालमा संसदीय निर्वाचन भयो । त्यसपछिका संसद्हरू पनि धेरै खलबलिए । एउटै पार्टीको बहुमतको सरकारले पूरा समय चल्न नसकेको मात्र होइन दुईभन्दा बढी पार्टीका सरकारहरूले पनि स्थिरता दिन सकेनन् । बहुदलीय शासन व्यवस्था भएका कारण न संसद् स्थिर भयो न सरकार नै । पटक-पटक फेरिने सरकारहरूले नै संसद्लाई पटक-पटक बिथोल्ने अनि बराल्ने काम गरे । वि.सं. २०५२ पछि २०६२/६३ सम्म कुनै पनि संसद्ले आफ्नो पूरा कार्यकाल काम गर्न सकेनन् । यो वा त्यो बहानामा कहिले संसद् भंग गरियो । कहिले बिथोलियो । माओवादी सशस्त्र युद्धका बेला २०५९ सालमा त फेरि राजा ज्ञानेन्द्रले संसद् विघटन गरी 'कू' गरे । फेरि महेन्द्रकै शैलीमा जनताका अधिकार खोसिए र राजनीतिक दलहरूमाथि एक प्रकारको प्रतिबन्ध लाग्यो ।

राजाको यो दुष्प्रयास लामो समय चलेन र सक्ने कुरा पनि थिएन । राजनीतिक 'कू' का विरोधमा फेरि अर्को जनआन्दोलन भयो । यो बेला पनि नेपाली कांग्रेसले संसद् पुनःस्थापनालाई आफ्नो 'बटमलाइन' बनाएको थियो । खासगरी तत्कालीन नेपाली कांग्रेसका सभापति तथा आन्दोलनका कमाण्डर स्व. गिरिजाप्रसाद कोइरालाले संसद् पुनःस्थापनाको अडान लिएका थिए । त्यहीअनुसार सबै संसदीय दलहरू मिलेर जनआन्दोलनको नेतृत्व लिए र जेठ ११ गते राजा ज्ञानेन्द्रले संसद्सहित जनताका सारा अधिकारहरू फिर्ता गरे । एउटा बहुदलीय लोकतान्त्रिक राष्ट्रमा संसद्को शक्ति कति हुन्छ भन्ने उदाहरण नेपालमा पटक-पटक पेस भएका छन् । यो त्यही संसद् थियो जसले राजतन्त्र अन्त्य भएको घोषणा गरेको थियो । राजा र राजसंस्थाको सदियौंको विरासत यही संसद्ले अन्त्य गरिदिएको थियो । त्यतिमात्रै होइन, हतियार उठाएर सत्ता कब्जाको सपना बोकेर युद्धमा हिँडेको माओवादीलाई पनि यही संसदीय राजनीतिले नै यो बाटोमा ल्याइदियो ।

त्यसपछि वि.सं. २०६४ र २०७० मा संविधानसभाको निर्वाचन भयो । यो संविधानसभाले २०७२ सालमा संविधान जारी गऱ्यो र त्यसपछि २०७४ सालमा करिब २० वर्षपछि नेपालमा पुनः संसदीय चुनाव भयो । यो बेला देशमा गणतन्त्र आइसकेको थियो । देशको शासकीय पद्धति पनि परिवर्तन भइसकेको थियो र संघीयतामा गइसकेको थियो । स्थानीय तह र प्रदेशदेखि संघसम्मको निर्वाचन निकै उत्साहप्रद रह्यो । तथापि त्यसपछिका संसद्मा पनि सांसदहरूले आफ्नो संसदीय मर्यादालाई जोगाइराख्न सकेनन् । न संसदीय दलहरूले आफ्ना विधि र मान्यताहरूको ख्याल गरे । त्यसपछि पनि विभिन्न बहानामा संसद् भंग गर्नेजस्ता असंवैधानिक कदमहरू जबर्जस्ती चालिए । धन्न न्यायालयले त्यसलाई रोक्दै संसद् विघटनको परिकल्पनामासमेत रोक लगाइदियो । सांसदहरू आफैंले बनाएको संविधानमा संसद् विघटनको परिकल्पना थिएन । वा जुनसुकै शब्दहरू वा धारा, उपधाराहरू राखिए पनि मर्म भने त्यस्तो थिएन । त्यसपछिका संसदीय गतिविधि हेर्ने हो भने ती पनि चित्त बुझ्दा छैनन् । संसदीय मर्यादा, मान्यता, मर्म र संसदीय अभ्यासको विश्वव्यापी नियम र प्रचलनहरूलाई हाम्रा सांसदहरूले आत्मसात् गरेको देखिँदैन ।

एउटा दलले अर्को दलको विरोधमा वा सामान्य कुरामा पनि संसद्को बैठकहरू अवरुद्ध हुँदा त्यसले कति क्षति पुऱ्याउँछ भन्ने कुनै गणितीय हिसाब हुँदैन तर त्यसको असर भने जनताको दीर्घजीवनमा निकै नकारात्मक तरिकाले परिरहेको हुन्छ । एकातिर संसदीय दल र संसदीय अभ्यासप्रति आमजनताको भरोसा टुट्दै जान्छ । जनताको जीवनलाई सम्बोधन गर्ने नीति, ऐन, कानुन निर्माण अवरुद्ध भइरहेका हुन्छन् । संसद् अवरुद्ध हुँदा वा त्यसको नियमितता बिथोलिँदा सरकारलाई खबर गर्ने थलो हुँदैन र सरकार एकांकी हुन जान्छ । संसद् भनेको शक्ति पृथकीकरणको एउटा अभिन्न अंग पनि हो । संसद्विना सरकार निरंकुश हुँदै जान्छ र शासकीय महत्त्वाकांक्षाहरू नकारात्मकतातिर बढ्दै जान्छन् । प्रतिपक्षले आफ्ना कुराहरू राख्न पाउँदैनन् । जनताका समस्याहरू सुनाउने थलोको अभाव हुन जान्छ । एक प्रकारले संसद् बिथोलिँदा सारा जनताको आशा र भरोसा पनि बिथोलिइरहेको हुन्छ । तसर्थ संसद्लाई विशुद्ध जनताको मात्रै थलो बनाऔं । यसलाई राजनीतिक स्वार्थ पूरा गर्ने हतियारका रूपमा धारिलो बनाउने प्रयास नगरौं । *रासस*

पाठक मञ्च

# लाखौं जनताको बिल्लीबाठ बनाउनेलाई सरकारको संरक्षण !

'देखाउने दाँत एउटा, चपाउने अर्को' नेपालीमा प्रचलित उखान हो यो । पछिल्लो समय यो उखान ठ्याक्कै सरकारको गतिविधिसँग मेल खान थालेको छ । पीडितलाई न्याय दिनभन्दा पनि सरकार आफ्नो कमाउधन्दामा लागेको छ । सहकारी ठगीको आरोपमा समातिएकाहरूलाई अदालतले धमाधम धरौटीमा छोडिरहेको छ । संसद्को सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलकी श्रीमती अञ्जला कोइराला १० लाख रूपैयाँमा छुटिन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापतिसमेत रहेका सहकारी ठगीका आरोपित रवि लामिछानेलाई कास्की जिल्ला अदालतले ६५ लाख रूपैयाँ धरौटीमा छोड्ने आदेश गरेको छ । पूर्वडिआइजी छविलाल जोशीको हकमा ८८ लाख रूपैयाँ धरौटीमा छाडिएको थियो । धरौटी तिरेर उनीहरू छुटिसकेका छन् । यिनीहरू मात्र होइनन्, अन्य सहकारीको सञ्चालकलाई पनि अदालतले धरौटीमा छोडेको छ । यसपछि समातिनेहरू पनि धरौटीमा छुट्ने हुन् । उनीहरू धरौटी तिरेर छुट्छन्, सहकारीपीडित हेरेको हेऱ्यै । धरौटीको पैसा राज्यको खातामा जान्छ ।

राज्यलाई त्यसले फाइदा हुन्छ, सहकारीपीडितले एक रूपैयाँ पनि पाउने होइनन् । सहकारी, लघुवित्त, फाइनान्स खोल्न इजाजत दिने सरकार हो । कर लिएर सरकारले अनुमति दिएको हो । सरकारले वित्तीय संस्थामा नियमित अनुगमन नगर्दा करोडौं बचतकर्ताको खर्बौं रूपैयाँ डुबेको छ । सहकारी चल्दासम्म राज्यले राजस्व लियो । सहकारीहरू डुबेर बाउडिनै नसक्ने अवस्थामा पुगेको छ । सरकारले सञ्चालकलाई समात्छ, अदालतले धरौटीमा छोड्छ । धरौटीमा छुट्दा तोकिएको धरौटी राज्यकै ढुकुटीमा जान्छ ।

यता, उनीहरूको सम्पत्ति पनि राज्यले रोक्का गरेको छ । जताबाट पनि राज्यले फाइदा उठाइरहेको छ । हुन त राज्य सञ्चालन गर्नेहरू जम्मै 'दलाल' छन् । उनीहरू जनताप्रति न कहिले उत्तरदायी थिए न हुने छन् । जनता कुन भ्रममा छन् ? नेपाल सुरक्षित छैन् भन्दै २०५८ सालमा अमेरिका पुगेका व्यक्तिले पुनः नेपाल फर्किएर यत्रा सहकारी डुबाए । विभिन्न मुद्दा लागेपछि अमेरिकाबाट फर्किएका रविले नेपाल आएर पनि सोही धन्दा चलाए । विडम्बना, नेपालीले उनको असली अनुहार चिन्न सकेनन् ।

उनकै कारणले चितवन निर्वाचन क्षेत्र नम्बर २ मा पटक-पटक निर्वाचन गराउनुपरेको छ । अब फेरि पनि निर्वाचन गराउनुपर्ने देखिएको छ । जनताले तिरेको कर बारम्बार 'वालुवामा पानी' बनिरहेको छ । त्योसँगै उनको कारणले सहकारीको बचतकर्ताको अर्बौं रूपैयाँ जोखिममा परेको छ । सरकार देशमा साक्षारता दर बढ्यो भन्छ । खोइ कहाँ बढ्यो साक्षारता दर ?

अहिले पनि जनता के सही, के गलत भनेर छुट्याउन सक्दैनन् । नेताहरूले जसो भन्यो, त्यसैलाई सत्य मान्छन् । जसको परिणाम अहिले भोगिरहनुपरेको छ । सहकारी ठगीमा धरौटी खुलेकाहरू पैसा बुझाएर छुटे । त्यो पैसा नेता र सरकारी कर्मचारीले तलबभत्ताको नाममा खाइसके । बचतकर्ताले के पाए ? केही न केही । फाइदा भयो त सिर्फ राज्यलाई । कुनै वित्तीय संस्था समस्याग्रस्त घोषणा गर्नेबित्तिकै त्यसमा सरकारले हस्तक्षेप गर्छ ।

त्यस वित्तीय संस्थाको खातामा भएको पैसा सरकारले नै चलाउँछ । संस्थाले उठाउन बाँकी कर्जा सरकारले उठाउँछ र चलाउँछ । धितोहरू पनि सरकारले नै रोक्का राख्छ र बेच्छ । बचतकर्ताको हातमा केही लाग्दैन । तर, यो कुरा अहिलेसम्म बचतकर्ताले बुझेका छैनन् । सरकारले 'फिर्ता देला' भनेर उनीहरू पर्खाइमा छन् । पैसा आउला र उपचार गर्न जाउँला भनेर सहकारीका बचतकर्ताहरू कुरेर बसेका छन् ।

यद्यपि, सरकारले एक रूपैयाँ पनि दिँदैन । जनता यतिसम्म सोझा भए कि उनीहरू अझै पनि सरकारमाथि विश्वास गरेर बसेका छन् । बैंकहरू समस्याग्रस्त भएमा राष्ट्र बैंकले त्यसको जिम्मा लिन्छ । सहकारीको हकमा समस्याग्रस्त घोषणा केन्द्र छ । वित्तीय संस्थाको कारोबार सरकारको हातमा जानेबित्तिकै पैसा फिर्ता आउला भनेर नसोच्दा पनि हुन्छ । बैंकका बचतकर्ताले अहिले पनि सहकारीको बचतकर्ताबाट पाठ सिकेका छैनन् । आफ्नो पैसाका लागि सहकारीपीडितहरूले खाएको हण्डरठक्करलाई उनीहरूले नजरअन्दाज गरिरहेका छन् । यो नियति बैंकका बचतकर्ताले भोग्ने दिन नआउला भन्न सकिन्न । त्यतिबेला रोइलो गर्नुबाहेक केही विकल्प हुँदैन । किन कि सरकार न हिजो जनताको थियो न भोलि नै हुनेछ ।

बैंक तथा वित्तीय संस्थाको विरोधमा आवाज उठ्न थालिसकेको छ । वित्तीय संस्थाका कर्मचारीमाथि आक्रमण बढेको छ । बैंक तथा वित्तीय संस्थाले आफ्नो कर्मको फल भोग्दै छ । सर्वसाधारणको आर्थिक अवस्था उकास्छौं भनेर सञ्चालनमा आएका वित्तीय संस्थाले ऋणी र बचतकर्तालाई मर्नुपर्नेसम्मको अवस्थामा पुऱ्याएका छन् । सीधासाधीको करोडौंको सम्पत्ति वित्तीय संस्थाले केही लाखमा खाइदिएका छन् ।

वित्तीय संस्थाले कारणले धेरैले अकालमा आफ्नो ज्यान फाले । तर, अवस्था फेरिएको छ । जनताले अब वित्तीय संस्थाको कालो कर्तुतको विरोधमा आवाज उठाउन थालेका छन् । बैंक तथा वित्तीय संस्थाले विश्वास गुमाइसकेको छ । अहिले बैंकबाट कर्जा प्रवाह नहुनुको प्रमुख कारण यही हो ।

राज्य पीडित जनताको पक्षमा छ कि ठगहरूको ? यहीबाट प्रस्ट भइहाल्यो । पीडित जनतालाई न्याय कसले दिने ? पीडित जहिले पनि पीडामै बाँच्नुपर्ने हो र सरकार ? जनतालाई सडकछाप बनाउनेलाई छुट दिँदै जाने हो भने यसले विकराल समस्या निम्त्याउने निश्चित छ । यसप्रति सचेत हुन जरुरी छ ।

– अनुसा थापा, भक्तपुर

**जानकारी**

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । –*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

मननयोग्य

## चाणक्य नीति

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे । नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।' गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।



घाँसदाउराको जोहो | कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जस्थित अर्जुनी सेक्टर क्षेत्रबाट घाँसदाउरा बोकेर ल्याउँदै गरेका महिला । खरखडाइका लागि निकुञ्ज तीन दिन खुला गरिएपछि घाँसदाउरा गर्न स्थानीयको घुइँचो लागेको छ । *तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस*

# समस्यामा मधेस कृषि विश्वविद्यालय

## बजेट पारित नहुँदा कामकाज प्रभावित




**सप्तरी–** चालु आर्थिक वर्षको पाँचौं महिना बित्न लाग्दा पनि विश्वविद्यालय सभाबाट बजेट पारित नहुँदा मधेस कृषि विश्वविद्यालयको कामकाज प्रभावित भएको छ । आर्थिक अभावमा पठनपाठनदेखि निर्माणाधीन भवनको कामसम्म प्रभावित भएको हो ।

मधेस कृषि विश्वविद्यालय राजविराजका रजिस्ट्रार डा. भगवान ठाकुरका अनुसार आर्थिक कारोबार सुरू नभएकाले भाडाको कोठामा सञ्चालन रहेको विश्वविद्यालयको कक्षासमेत प्रभावित भएको छ । आर्थिक अभावमा नयाँ शैक्षिकसत्रका लागि भर्नाको प्रवेश परीक्षासमेत सञ्चालन गर्न नसकिरहेको उनले बताए । 'शिक्षा मन्त्रालयको पत्र नआएर भर्ना खोल्न ढिलो भएको हो तर भदौ १९ गते भर्ना खोलेका थियौं, देशैभरबाट १११ जनाले फाराम भर्नुभएको छ,' उनले भने, 'तर आर्थिक अभावमा प्रवेश परीक्षा सञ्चालन गर्न सकिरहेको छैनौं ।'

विश्वविद्यालयमा कार्यरत १९ जना कर्मचारी पाँच महिनादेखि तलब नपाएको रजिस्ट्रार ठाकुरले बताए । 'शिक्षामन्त्री नेतृत्वको सिनेट बैठकबाट बजेट पारित भएको छैन, त्यसैले आर्थिक कारोबार रोकिएको छ,' उनले भने, 'पानी, बिजुलीको बिल, घरभाडा, टेलिफोन, इन्धन, सबैमा समस्या भएको छ, पठनपाठनका लागि आवश्यक सामग्री खरिद गर्न सकिरहेको छैनौं ।' त्यस्तै आर्थिक अभावमा राजविराज नगरपालिका-१३ स्थित विश्वविद्यालयको निर्माणाधीन भवनको काम पनि प्रभावित बनेको छ ।

निर्माण काम गरिरहेको ठेकेदार कम्पनी ओम साई राम कन्स्ट्रक्सन सातदोबाटेले भुक्तानी नपाएपछि निर्माण काम ठप्प गर्ने अवस्था आएको कम्पनीका इन्जिनियर वसन्त साह बताउँछन् । उनका अनुसार ठेकेदार कम्पनीको मूल्य अभिवृद्धि करसहित सात करोड ५२ लाख १६ हजार रूपैयाँको बिल भुक्तानी नभएकाले काम ठप्प गर्नुपर्ने बाध्यता आएको हो । रकमको आभावले कामदारको कमी भएपछि काम कछुवाको गतिमा भइरहेको उनले बताए । '१८० जना कामदारले काम गर्थे तर भुक्तानी नआएकाले उनीहरूको ज्याला तिर्न सक्ने अवस्था रहेन । अहिले २३ जनामात्र काम गरिरहेका छन् तर एक सातामा त्यो पनि बन्द हुन्छ,' इन्जिनियर साहले भने ।

मधेस प्रदेश सरकारको लगानीमा निर्माण थालिएको उक्त कामको ठेक्का ओम साई राम कन्स्ट्रक्सन सातदोबाटेले मूल्य अभिवृद्धि करबाहेक ८९ करोड ५० लाख २७ हजार रूपैयाँमा कबोल गरेको छ । २०८० माघ ७ गते सम्झौता गरेको ठेकेदार कम्पनीले २०८३ माघ ७ गतेसम्ममा काम सम्पन्न गर्नुपर्ने छ । हालसम्म २१.२५ प्रतिशत भौतिक प्रगति भएको इन्जिनियर साहले बताए । इन्जिनियर साहका अनुसार त्यहाँ तीनवटा प्रशासनिक भवन, एकेडेमिक बल्क, छात्रछात्रा आवास भवन, भिसी क्वाटर, रजिस्ट्रार क्वाटर, क्यान्टिन गरी १० वटा भवन निर्माण गर्नुपर्ने छ । 'सम्झौता अघि भए पनि राजनीतिक विवादको कारण काम २०८१ वैशाख १० गते सुरू गर्‍यौं,' इन्जिनियर साहले भने, 'काम द्रुत गतिमा थियो तर रकम भुक्तानी नभएपछि गतिमा सुस्तता आएको छ ।'

गत जेठ ३२ र असार २३ गते दुईवटा बिलको १३ करोड ८८ लाख रूपैयाँ भुक्तानी दिए पनि त्यसपछि पेस गरेका दुईवटा बिलको भुक्तानी हुन सकेको छैन । विश्वविद्यालयका सहकुलपति मधेस प्रदेश सरकारका शिक्षामन्त्री रानी शर्मा तिवारीले कात्तिक ३० र पुस ५ गते दुईपटक सिनेटको बैठक डाके पनि अन्तिम समयमा आएर स्थगित भएको थियो । पछिल्लो समय पुस १६ गते बसेको सिनेटको बैठकमा पनि कुनै निर्णय हुन नसकेको विश्वविद्यालयका उपकुलपति डा. वैद्यानाथ महतोले बताए । *रासस*

# ब्यावसायिक घरबास सेवाको तयारीमा लाफागाउँ

**धनकुटा–** धनकुटाको चौबिसे गाउँपालिका-२ मुढेवासस्थित मगर जातिको एकल बसोबास भएको लाफागाउँमा घरबास सेवा (होमस्टे) सञ्चालनमा ल्याउने कुरा चलेको धेरै वर्ष भयो ।

मगर जातिको बाहुल्यता भएको तात्कालीन मुढेवास गाविसअन्तर्गत पर्ने यस लाफागाउँमा अहिले एकल मगर जातिको मात्र ९५ घरधुरी रहेको छ । स्थानीय तहको पहिलो चुनावपछि यस स्थान लक्षित गरेर होमस्टे सेवा सञ्चालन गर्ने योजनासँगै प्रदेश सरकारको सहयोगमा यहाँ मगर जातिको कला संस्कृतिको प्रवर्द्धन गर्न मगर जातिको संग्रहालय बनेको छ ।

त्यस समय बनेको होमस्टे सेवाको योजना भने स्थानीयबासीको व्यस्तताका कारण कुरामा मात्र सीमित हुनपुगेको पालिका अध्यक्ष राजकुमार लिम्बूले जानकारी दिए । उनले भने, 'गत साल होमस्टे चलाउन तालिमका लागि बजेट छुट्याऔं तर कसैले नभ्याएकाले काम नै गर्न सकिएन ।' यसपटक भने जिल्ला घरेलु कार्यालय धनकुटासँग सहकार्य गरेर होमस्टे सेवाको तालिम सञ्चालन गर्न लागिएको लिम्बूले जानकारी दिए ।

लामो समयदेखि यस मगर बस्तीमा होमस्टे सञ्चालन गर्न खोजे पनि व्यावसायिकरूपमा सञ्चालनमा आउन नसकेको स्थानीय पुजन मगरले पनि जानकारी दिए । निर्माणाधीन भेडेटार-रबी-राँके राजमार्गमा पर्ने यस क्षेत्रमा हुने विभिन्न कार्यक्रममा खान र बस्न समस्या हुने देखिएकाले निकट भविष्यमा होमस्टे सेवा सञ्चालनमा ल्याउने तयारी भइरहेको उनले जानकारी दिए ।

यहाँका मगर जाति परम्परागतरूपमा कृषि पेसामा आबद्ध रहिआएको र कृषिबाटै मनग्य आम्दानी हुने भएकाले यसतर्फ ध्यान नदिँदा होमस्टे सञ्चालन चर्चामा सीमित रहेको अर्का स्थानीय अमृतदेव थापाको भनाइ छ । 'योजनाबद्ध होमस्टे नचलाए पनि यहाँ बस्न आउने पाहुनाहरूलाई सबैले घरमा लगेर राख्ने गरेका छन्,' उनले भने ।

लेकाली क्षेत्रमा पर्ने यस गाउँमा खानेपानी अभाव भए पनि चिस्यान रहिरहने भएकाले बर्खे सिजनमा यहाँ कोपी र आलुको प्रशस्त मात्रमा खेती हुने गरेको छ । थापाका अनुसार यहाँका हरेक परिवारले कम मिहेनतबाट आर्ग्यानिक तरकारी खेती गरेर वार्षिक तीनदेखि पाँच लाख रूपैयाँसम्म सहजरूपमा कमाउने गरेका छन् । यसका साथै यहाँका प्रत्येक घरले कम्तीमा एकदेखि तीन वटासम्म उन्नत जातको गाई, भैंसी, साथमा अनिवार्य बाख्रा, सुँगुर पाल्ने गरेका छन् ।

पहिला यहाँका मान्छे आलु लिएर अन्नसँग साट्न बेंसीतिर जाने गर्दथे । तर बिस्तारै सडक सञ्चालले गाउँ जोडिएपछि बजारसम्म किसानहरूको पहुँच पुग्न थाल्यो । उनले भने, 'अहिले त तरकारीबारीसम्म बाटो खनेर लगेको छ, व्यापारी त्यही गाडी लगेर सब्जी उठाउँछन् ।'

यसरी धेरै दुःखबाट अहिले वार्षिकरूपमा सबैले मनग्य आम्दानी गर्ने भएकाले यहाँका मगर समुदायमा वैदेशिक रोजगार, व्यापारका साथै घरबास सेवामा पनि तुरुन्त आकर्षित नभएको मगरको भनाइ छ । हिउँदभरि खेतबारी मलिलो बनाउन र बर्खामा खेती गर्न व्यस्त भएकाले पनि अन्य क्षेत्रको स्वाद पाउन नसक्दा होमस्टे सञ्चालनमा नआएको तर अब भने विस्तारै सबैजना सञ्चालनको तरखरमा रहेको उनको भनाइ छ । यस ठाउँमा घरबास सेवा नितान्त आवश्यक भए पनि समुदायका मानिस अत्यन्तै व्यस्त भएकाले होमस्टे सञ्चालनमा ढिलाइ भएको गाउँबासी तथा पालिकाकी उपाध्यक्ष टंकमाया पाङ्मी मगरको पनि भनाइ छ ।

होमस्टेमार्फत यहाँको पर्यटन विकास तथा मगर जातिको संस्कृति प्रवर्द्धन गर्दै उनीहरूलाई आर्थिक उपार्जनको क्षेत्रमा पनि जोड्न सकिने भएकाले यहाँ घरबास सेवा सञ्चालन कार्यान्वयनको तयारीमा रहेको मगरले जानकारी दिए । 'होमस्टे सञ्चालन गर्न खेती किसानी नछाडि सँगसँगै गर्न सकिन्छ,' उनले भने, 'बरु त्यो सब्जी, दूध र मासु पनि यही बिक्छन् ।'

यहाँका मगर जातिको उत्थानका लागि सम्भावनाको बाटो देखाउन अति आवश्यक भएकाले अब सामूहिक वा व्यक्तिगतरूपमा जसरी भए पनि घरबास सेवा सञ्चालनमा ल्याउने तयारी भइरहेको उनले जानकारी दिए । होमस्टे सञ्चालनमा आएमा यहाँ उत्पादित आर्ग्यानिक कृषि उपज बेचबिखनको बजार थप बढेर जाने छ भन्ने कुरा सबैले बुझ्नुपर्ने उनको सुझाव छ । *रासस*

# रौतहटमा हात्तीको उपद्रोबाट स्थानीय त्रसित

**चन्द्रपुर (प्रस)–** लामो समयदेखि रौतहटमा पर्सा राष्ट्रिय निकुञ्जबाट आएका जंगली हात्तीले उपद्रो मच्चाउँदा स्थानीय त्रसित बनेका छन् । हात्तीले रौतहटको चन्द्रपुर, गुजरा, वृन्दावन र फतुवा विजयपुर नगरपालिकाको विभिन्न वडामा दिनहुँजसो उपद्रो मच्चाइरहेका छन् ।

विगत वर्षमा केही दिन आएर बसेर जाने जंगली हात्ती यस वर्ष भने असारदेखि नै यसै क्षेत्रमा बसेर उपद्रो मच्चाइरहेको स्थानीयले बताएका छन् । हात्तीले मकैबारी, केराबारी, आलुबारी, गहुँबारीका साथै घर नै भत्काउन थालेका छन् । हात्तीले बढीजसो केराबारी नष्ट गरेको पाइएको छ ।

हात्तीको बथानले रौतहटको चन्द्रपुर-३ गैँडाटार र चन्द्रपुर-३ जुडिबेलामा लगाइएको केराखेतीमा क्षति पुर्‍याएको छ । हात्तीले पटक-पटक गरेर करिब एक बिघामा लगाएको केराखेती नष्ट गरेको चन्द्रपुर-३ गैँडाटारका किसान लालबहादुर दोङले जानकारी दिए । फल्ने बेला भएको करिब ७०० केराको बो नष्ट गरेको उनको गुनासो छ । दोङले चन्द्रपुर-२ जुडिबेलामा जमिन भाडामा लिएर केराखेती गर्दै आएका छन् । केराखेतीको बिमा नहुँदा समस्या भएको उनको भनाइ छ । जुडिबेलामा उनीसहित हर्क घिसिङ, चमेलीमायालगायतको बिघौंबिघा जमिनमा लगाएको केराबारी हात्तीले नष्ट गरेको छ ।



यसैगरी चन्द्रपुर-३ गैँडाटारमा पनि हात्तीले केराबारीमा विध्वंस मच्चाएको छ । सो गाउँका हरिशरण गौतमको १३ क√ामा लगाएको ४०० बोट, दीपक गौतमको ८५ बोट, सम्पूर्ण चौहानको २५० बोट र अनिल भण्डारीको ५० बोट केरा नष्ट गरेको स्थानीय दीपक गौतमले जानकारी दिए । उनका अनुसार खडानन्द गौतमको पाँच क√ाको मकै, सोमप्रसाद गौतमको तीन क√ाको मकै र बाबु योञ्जनको चार क√ाको मकैखेतीमा हात्तीले क्षति पुर्‍याएको छ ।

हात्तीको बथानले चन्द्रपुर नगरपालिकामा आठ र फतुवा विजयपुर नगरपालिका-११ मा चार घर भत्काएको छ । हात्तीले चन्द्रपुर-३ गैँडाटारमा सात र वडा नम्बर २ जुडिबेलामा एउटा घर भत्काएको स्थानीयले जानकारी दिएका छन् । गैँडाटारमा सन्तबहादुर रुम्बा, मीना राई, छेनामसिंह लोप्चन, बली माया लोप्तन, बोम्जन साइँला, सुबास ठोकर र साइँला गोलेको घर हात्तीले भत्काएको स्थानीय राजु धामीले जानकारी दिए ।

यसैगरी कालापानी सामुदायिक वन उपभोक्ता समूहको वनक्षेत्रमा निर्माण गरेको उद्यान र पानीघट्टमा पनि हात्तीले क्षति पुर्‍याएको छ । फतुवा विजयपुर नगरपालिका-११ भैसही र बुटवाबस्तीमा हात्तीले चार घर भत्काएको छ । स्थानीय विजय चौधरीका अनुसार उदय चौधरी, मिलन मगर, हरिशरण मैनालीलगायत स्थानीयको घरमा हात्तीले क्षति पुर्‍याएको हो । हात्ती नियन्त्रण गर्न डिभिजन वन कार्यालयका प्रमुख हेमन्तप्रसाद साहले 'इनालाइजर' (वन्यजन्तुलाई हल्का झट्का दिने उपकरण) प्रयोग गर्नुपर्ने बताएका छन् । हात्तीले उपद्रो मच्चाउन थालेपछि रोकथामका लागि उक्त उपकरण प्रयोग गर्नुपर्ने उनले बताए ।

# वैदेशिक रोजगारबाट फर्किएर जुनारखेती



**मन्थली (रामेछाप)–** रामेछाप नगरपालिकाका केही युवा वैदेशिक रोजगारी छाडेर जुनारखेतीतर्फ लागेका छन् । जुनारखेतीबाट प्रशस्त र दोहोरो आम्दानी हुने भएपछि यहाँका युवा वैदेशिक रोजगारी छाडेर यसतर्फ आकर्षित भएका हुन् ।

जुनार बगैँचाभित्र तोरी भटमासलगायत कोसेबाली र अन्य तरकारीबाली उत्पादन गरी आम्दानी लिन सकिने तथा जुनारबाट पनि आम्दानी लिन सकिने भएकाले यसतर्फ आकर्षित भएको रामेछाप-६ ओखेनीका जुनार कृषक हिमाल तामाङले बताए । उनी लामो समय खाडी मुलुकमा काम गरेर फर्किएका हुन् । लेखपढ नभएका र सीप नभएका आफूजस्तालाई त्यहाँ सजिलो काम पाउन मुश्किल हुने उनको अनुभव छ ।

बर्सेनि बिरुवा थप्दै र उत्पादन बढाउँदै जाने हो भने यही विदेशको जति कमाउन सकिने उनले दाबी गरे । खाडीमुलुक जानुअघि आफू भारतको गुजरातमा २५ वर्ष बसेर काम गरेको अनुभव सुनाउँदै तामाङले त्यहाँको आम्दानी चित्त नबुझेर स्वदेशमा केही गर्ने अठोटका साथ फर्किएर जुनारखेती सुरु गरेको बताए । यसअघि आफू वैदेशिक रोजगारीका क्रममा चार वर्ष मलेसिया बसेर धेरै दुःख गर्दा पनि सन्तोषजनक आम्दानी नभएकाले स्वदेशमा फर्केर जुनारखेती गर्न थालेको रामेछाप-७ सुकाजोरका अर्का कृषक रामकुमार कार्कीले बताए ।

रामेछाप नगरपालिकामा हिमाल, टेकबहादुर तामाङ, प्रेमबहादुर तामाङ, रामकुमार कार्कीलगायत दजनौं कृषक वैदेशिक रोजगारीबाट सन्तुष्ट नभएर जुनारखेतीमा लागेका नगरपालिकाका कृषि शाखा प्रमुख कृष्णबहादुर भुजेलले जानकारी दिए । उनका अनुसार अरुको तुलनामा उनीहरूको बगैँचा र जुनारका दाना राम्रा छन् ।

गत वर्ष जिल्लामा ५२० हेक्टर क्षेत्रफलमा सुन्तला जातका फलफूल खेती गरिएको बताउँदै यस वर्ष ५४० हेक्टर क्षेत्रफलमा जुनार उत्पादन भइरहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना रामेछापकी भवानी बस्नेतले जानकारी दिइन् । उनले जिल्लाका विभिन्न पालिकामा वैदेशिक रोजगारीबाट फर्केर जुनार र सुन्तलाखेती गर्नेको संख्या बढ्दै गएको उल्लेख गरिन् ।

बजारको समस्या नभएकाले यसको व्यवसाय सहज बनेको भन्दै बस्नेतले प्रशस्त उत्पादन, बजारीकरणको समस्या नहुनु, मुनाफा बढीलगायत कारणले युवाको जुनारखेतीप्रति आकर्षण बढेको दाबी गरिन् । दैनिक रूपमा विदेसिने हजारौंको संख्याका युवालाई यस्ता कृषिकर्ममा विभिन्न अनुदान दिएर संघीय तथा प्रदेश सरकारले लगाउनसके वैदेशिक रोजगारीमा जानेको संख्या घट्ने मन्थली नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवर्षी सापकोटाले बताए । *रासस*

प्रभाव दैनिक

रूपशाला

## अभिनेता टिकु तलसानियालाई हृदयाघात

बलिउड तथा गुजराती सिनेमाका चर्चित हास्य कलाकार टिकु तलसानियालाई शनिबार बिहान हृदयाघात भएको छ । उनको अवस्था चिन्ताजनक छ । अभिनेता हाल अस्पतालमा भर्ना छन् । मिडिया रिपोर्टका अनुसार ७० वर्षीय टिकु तलसानियाको स्वास्थ्य बिग्रिएपछि मुम्बईको एक निजी अस्पतालमा भर्ना गरिएको थियो । उनलाई हृदयाघात भएको डाक्टरले जानकारी दिएका छन् । उनको अवस्था चिन्ताजनक भएकाले उनलाई चिकित्सकको निगरानीमा राखिएको छ ।



आइतबार, २८ पुस २०८१ (Sunday, January 12, 2025)

# 'तेल भिसा'ले मनायो ५१औं दिन




■ प्रभाव संवाददाता

**काठमाडौं–** सिनेमा 'तेल भिसा'ले प्रदशर्नको ५१औं दिन मनाएको छ । मंसिर ७ गतेबाट प्रदर्शनमा आएको सिनेमाले शनिबार प्रदर्शनको ५१औं दिन मनाएको हो ।

१२ वटा सिनेमा हलमा 'तेल भिसा'ले ५१औं दिन मनाएको वितरक करण श्रेष्ठले जानकारी दिए । सिनेमाले प्रदर्शनको ५१औं दिन मनाउँदै गर्दा सिनेमाकी प्रस्तुतकर्ता ऋचा घिमिरे र निर्देशक शंकर घिमिरेले विभिन्न बाधा अड्चन छिचोल्दै यहाँसम्म पुग्दै गर्दा साथ दिने सम्पुर्ण दर्शक तथा शुभचिन्तकप्रति आभार प्रकट गर्दै खुशी व्यक्त गरेका छन् ।

दर्शक तथा समीक्षकबाट समेत राम्रो प्रतिक्रिया पाएको सिनेमा 'तेल भिसा'ले क्यूएफएक्स, एफक्यूब, रञ्जना सिनेप्लेक्स, बीएसआर मुभिज, वान सिनेमाज, डीम्याक्स सिनेमाज, फ्रेन्डस सिनेमाज, सिने रोयललगायत मल्टिप्लेक्समा ५१औं दिन मनाएको हो ।

दक्षिण भारतीय सिनेमा पुष्पा २ का कारण न्युन शोमा खुम्चिएको सिनेमाले दर्शकको साथ पाएपछि पाचौं हप्तामा पनि 'तेल भिसा'को शो थपिएको थियो । 'तेल भिसा'को निर्देशक शंकर घिमिरे हुन् भने प्रस्तुतकर्ता ऋचा घिमिरे हुन् । सिनेमामा अभिनेता विपिन कार्की बाबु र छोराको गरी दोहोरो भूमिकामा छन् । निर्देशक घिमिरेको नै लेखन रहेको सिनेमामा विपिनसँगै वर्षा राउत, पुजा चन्द, ऋचा घिमिरे, बुद्धि तामाङ, सुचित्रा उप्रेती र विदेशी कलाकारको अभिनय रहेको छ ।

वेलडन क्रियसनको व्यानरमा ऋचा घिमिरेको प्रस्तुती रहेको सिनेमामा अनिल पाण्डे र शिवराज कार्कीको लगानी छ । प्रिन्स युवराज कार्की र श्रुती दाहाल कार्यकारी निर्माता रहेको सिनेमामा सुशन प्रजापतिको छायांकन, रामजी लामिछाने र शिशिर खातीको कोरियोग्राफी, आशिष अविरल, कल्याण सिंह र कृष्ण भारद्धाजको संगीत र अजय खड्काको सम्पादन छ ।

# रौनियारको 'सेतो सूर्य' युट्युबमा

■ प्रभाव संवाददाता

**काठमाडौं** – विश्वका थुप्रै फेष्टिभलमा अवार्ड जित्न सफल दीपक रौनियार निर्देशित फिल्म 'सेतो सूर्य' अर्थात् 'ह्वाइट सन' युट्युबमा आएको छ । बाँसुरी फिल्मस्ले रिलिज गरेको सेतो सूर्य नेपाली फिल्मको इतिहासमा उत्कृष्टको सूचीमा पर्छ । फिल्ममा दयाहाङ राई, रवीन्द्रसिंह बानिया, सूमी मल्ल, दीपक क्षेत्री, गणेश न्यौपाने, आशा मगराती, अमृत परियार, प्रमोद अग्रहरी, देशभक्त खनाल लगायतको अभिनय छ ।

सन् २०१६ मा प्रदर्शनमा आएको यो फिल्म राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समीक्षकहरूले समेत रुचाएका थिए । फिल्मको सुरूआत शंखध्वनी बजेर हुन्छ । एउटा शव उठाउनै लाग्दा छोरा सुरजले भित्रबाट एउटा झन्डा लिएर आउँछ । 'बुबाको अन्तिम इच्छा थियो' भन्दै त्यो झन्डा शवमाथि ओढाइदिन्छ । शव उठाउनै लागेका ठुलो छोरा चन्द्रलाई त्यो सह्य हुँदैन । थुतेर फालिदिन्छ । बाबुको शव छेउमा दुइटा छोराको घम्साघम्सी पर्नै लागेका बेला गाउँले अलमलमा पर्छन् । एउटा छोरा सेनामा काम गरेर गाउँमा जमेको, अर्को माओवादी भएर वर्षौं बाहिरै बसेको । सेतो सूर्य (ह्वाइट सन) को कथा त्यसैमा अगाडि बढेको छ । फिल्ममा दयाहाङले



चन्द्रको र रवीन्द्रसिंहले सुरजको भूमिका निर्वाह गरेका छन् ।

भेनिस फिल्म फेस्टिभल, टोरन्टो इन्टरनेसनल फिल्म फेस्टिभल, बुसान फिल्म फेस्टिभलमा प्रिमियर गरेर यात्रा सुरू गरेको फिल्म थुप्रै विश्वप्रसिद्ध महोत्सवहरूमा देखाइएको थियो । २७ औं सिंगापुर इन्टरनेसनल फिल्म फेस्टिभलमा यसले ५५ हजार डलरसहित सर्वोत्कृष्ट अवार्ड जितेको फिल्मले । फ्रिवर्ग इन्टरनेसनल फेस्टिभलमा चार वटा अवार्ड र भेनिस फिल्म फेस्टिभलमा एउटा अवार्ड प्राप्त गरेको थियो । त्यस्तै, पाम स्प्रिङ फिल्म फेस्टिभलमा पनि अवार्ड जितेको थियो । यसबाहेक इन्टरनेसनल फिल्म फेस्टिभल, गोल्डेन हर्समा मनोनयनमा परेको थियो । ९० औं अस्कर अवार्डका लागि नेपालबाट यो फिल्म गएको थियो ।


# 'गेम चेन्जर'ले प्रभासको रेकर्ड तोड्यो

**हैदाराबाद (प्रस)**– साउथ सुपरस्टार राम चरण र कियारा आडवाणीको बहुप्रतिक्षित फिल्म 'गेम चेन्जर' रिलिज भइसकेको छ । लामो प्रतिक्षापछि यो चलचित्र जनवरी १० मा सिनेमा हलमा रिलिज भएको हो । राजनीतिक नाटकलाई दर्शकले रुचाएका छन् र मिश्रित प्रतिक्रियाका बीच फिल्मले बक्स अफिसमा राम्रो सुरुवात पनि गरेको छ ।

सैकनिल्कको रिपोर्ट अनुसार 'गेम चेन्जर' ले भारतमा ५१.२५ करोड रूपैयाँमा खाता खोलेको थियो । अहिले फिल्मको विश्वव्यापी ओपनिङ कलेक्सन सार्वजनिक भएको छ । 'गेम चेन्जर' को प्रोडक्सन हाउस श्री वेंकटेश्वर क्रिएशन्सले फिल्मको पहिलो दिनको विश्वव्यापी संग्रह आफ्नो सामाजिक सञ्जालमा शेयर गरेर त्यो जानकारी दिएको हो ।

'गेम चेन्जर' को प्रोडक्सन हाउसले फिल्मको रामचरणको पोस्टर सेयर गरेको छ । जसमा फिल्मले पहिलो दिन विश्वभर १८६ करोडको शानदार कलेक्सन गरेको लेखिएको छ । योसँगै क्याप्सनमा लेखिएको छ- 'थिएटरहरूमा राजा साइज मनोरन्जनको प्रवेश, २०२५ को उत्कृष्ट मनोरञ्जन, 'गेम चेन्जर' ले बक्स अफिसमा ब्लकबस्टर ओपनिङ गर्यो । ब्लकबस्टर 'गेम चेन्जर' ले पहिलो दिन विश्वभर १८६ करोड रूपैयाँ कमाएको छ ।'

जसअनुसार १८६ करोडको बलियो विश्वव्यापी ओपनिङ कलेक्सनका साथ 'गेम चेन्जर'ले प्रभास स्टारर फिल्म 'कल्की २८९८ एडी' लाई पछि पारेको छ । गत वर्ष हलमा रिलिज भएको यो पिरियड ड्रामा फिल्मले विश्वभर १८० करोडको मात्रै ओपनिङ गरेको थियो । एस. शंकर निर्देशित फिल्म 'गेम चेन्जर'लाई श्री वेंकटेश्वर क्रिएशन्सको ब्यानरमा दिल राजुले निर्माण गरेका हुन् । फिल्ममा रामचरण र कियारा आडवाणीसँगै तेजा, एसजे सूर्याह, नस्सर, ब्रह्मानन्दम, भेनेला किशोर र मुरली शर्मा महत्वपूर्ण भूमिकामा देखिएका छन् ।




रंगशाला

# शाहब चम्किएसँगै मधेशविरुद्ध आर्मीलाई फराकिलो अग्रता



■ प्रभाव संवाददाता

**काठमाडौं** – शाहब आलमको कसिलो बलिङ र बसिर अहमद तथा भीम सार्कीको अर्धशतकसँगै विभागीय टोली त्रिभुवन आर्मी क्लबले जय ट्रफी पुरुष इलिट कपमा मधेश प्रदेशविरुद्ध १२१ रनको ठूलो अग्रता लिएको छ ।

वीरगञ्जस्थित नारायणी क्रिकेट मैदानमा जारी खेलको पहिलो दिनको समाप्तिमा मधेशले १०२ रन मात्रै बनाउन सकेपछि आर्मीले अग्रता लिने मौका पाएको हो ।

पहिलो इनिङ्समा आर्मीले नौ विकेट गुमाउँदै २२५ रन बनाएको थियो । ९८ रन खेलेका बसिरले सात चौकासहित ६७ रन बनाए । भीमले ९३ बलमा ६ चौकासहित ५२ रन बनाए। ओपनर इमरान शेखले ४२ रन बनाउँदा अन्य ब्याटर चल्न सकेनन् ।

मधेशका रञ्जित कुमारले सर्वाधिक पाँच विकेट लिए । १६.३ ओभर बलिङ गरेका उनले तीन मेडनसहित ४४ रन खर्चिए । प्रदीप पासवानले दुई विकेट लिँदा अभिषेक तिवारी र हरिशंकर शाहको नाममा समान एक विकेट रह्यो । जवाफी ब्याटिङमा आएको मधेशले टिकेर खेल्न सकेन। कप्तान हरिशंकर ३१, अभिषेक १३, मयन यादव ११ र प्रदीप १० रनमा आउट भए। अन्य ब्याटरले दोहोरो अंकमा रन छुन सकेनन् ।

आर्मीका शाहबले सर्वाधिक ६ विकेट लिए । १२ ओभर बलिङ गरेका उनले पाँच मेडनसहित ३७ रन खर्चिए । सोमपाल कामी, आकाश चन्द, बसिर र पवन कार्कीको नाममा समान एक विकेट रह्यो । मधेशले दोस्रो इनिङ्स सुरु गरिसकेको छ । एक ओभर खेलेका मधेशका आइतबार हिमान्शु दत्तले दुई र मयनले दोस्रो इनिङ्स सुरु गर्नेछन् ।

# नेपाली महिला टिमले नेदरल्याण्ड्स र थाइल्यान्डसँग शृंखला खेल्ने

■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाली महिला क्रिकेट टोलीले घरेलु मैदानमा नेदरल्यान्ड्स र थाइल्यान्डसँग त्रिकोणत्मक टी २० शृंखला खेल्ने भएको छ ।

नेपाल क्रिकेट संघ (क्यान) का अनुसार माघ १७ गतेदेखि शृंखला हुन लागेको हो। शृंखलाको सम्पूर्ण खेल कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा हुनेछ । नेपालले माघ १७ गते नेदरल्यान्ड्ससँग खेल्दै शृंखला सुरु गर्नेछ । १८ गते थाइल्यान्डसँग खेल्दै पहिलो चरणको खेल समाप्त गर्नेछ ।

त्यसपछि दुई दिनको विश्राम लिएर नेपाली टोलीले माघ २१ गते पुनः नेदरल्यान्ड्ससँग खेल्दै दोस्रो चरण सुरु गर्नेछ । त्यसको भोलिपल्टै पुनः थाइल्यान्डसँग दोस्रो खेल खेल्ने छ । त्यसपछि नेपालले माघ २४ गते नेदरल्यान्ड्स र २५ गते थाइल्यान्डसँग खेल्दै शृंखला सक्काउने छ ।



# दूधरास-छिल्लीकोट दौडमा रामजी भए पहिलो

■ प्रभाव संवाददाता

**तुलसीपुर** – राष्ट्रिय एकता दिवसका अवसरमा दाङको पर्यटकीय क्षेत्र दूधर ासदेखि छिल्लीकोटसम्मको दौड प्रतियोगिता आयोजना गरिएको छ । नेपाली सेनाको १९ नं बाहिनी अड्डाको समन्वय, तुलसीपुर उपमहानगरपालिका र रणसिंहदल गणको संयुक्त आयोजनामा शनिबार १२ किलोमिटरको दौड प्रतियोगिता भएको हो । लिगलिग कोटको राजा दौडबाटै छानिने प्रथाको सम्झना तथा छिल्लीकोट पर्यटकीय क्षेत्रको विकास गर्न प्रतियोगिता आयोजना गरिएको जनाइएको छ ।

दौडमा रणसिंह दल गण दाङमा कार्यरत रामजी बस्नेत पहिलो भए । उनले ५१ मिनेट ३१ सेकेन्डमा पार गरेका थिए । उनले रु २० हजार प्राप्त गरे । दोस्रो भएका विशालकुमार महतले रु १५ हजार र तेस्रो भएका एकेन्द्र कार्कीलाई रु १० हजार र सान्तवना पुरस्कार खगिसरा रावलले पाइन् ।

त्यसअवसरमा तुलसीपुर उपमहानगरपालिका प्रमुख टीकाराम खड्काले छिल्लीकोट गढीका रूपमा रहेको बताए । उनले यसको ऐतिहासिक दरबार क्षेत्रको उत्खनन् आवश्यक भएको समेत उल्लेख गरे । उनले छिल्लीकोट क्षेत्रमा पर्यटन प्रवर्द्धनका लागि साहसिक खेल जीपलाइन, घरबास सञ्चालनमा आएको र खानेपानी, विद्युत् र सडक पूर्वाधार निर्माणकै चरणमा भएको बताए ।

दाङका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्सालले यसप्रकारका प्रतियोगिताले पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने धारणा राखे । तुलसीपुर उपमहानगरपालिका-१९ वडाध्यक्ष प्रेमनाथ योगीले राष्ट्रिय एकता दिवसले छिल्लीकोटको इतिहासलाई परिचित गराउने बताए । छिल्लीकोटमा दुई सय ९३ वर्ष राज गरेको इतिहास छ । विसं १५५० देखि छिल्लीकोटमा मेघनाथ शाहले राज्य गरेको र अन्तिम राजा वीरभद्र शाह थिए । यहाँ विसं १८४३ सालसम्म राज्य गरेको ऐतिहासिक तथ्य छन् । विसं १८४३ कात्तिक १९ गते दामोदर पाण्डे, जगतजित पाण्डे, सर्दार प्रबल राना, सुब्बा फौदसिंह खत्रीसहितको टोलीले विनायुद्ध छिल्लीकोट राज्यलाई एकीकरण गरी नेपालमा गाभिएको थियो ।




ताइपेईमा पूर्वविपक्षी नेता तथा पूर्वमेयर को वेन–जेविरुद्धको न्यायिक अन्यायको विरोधमा ताइवान पिपुल्स पार्टीद्वारा शनिबार आयोजित प्रदर्शनमा सहभागीहरू नारा लगाउँदै । *तस्बिरः एएफपी*

# गाजा युद्धविराम वार्ताबारे कतारद्वारा ट्रम्पका प्रतिनिधिलाई जानकारी

**दोहा–** इजिप्ट र अमेरिकासँग मिलेर मध्यस्थता गरिरहेको गाजा युद्धविराम वार्ताबारे मध्यस्थकर्ता कतारले अमेरिकी राष्ट्रपतिमा निर्वाचित डोनाल्ड ट्रम्पका मध्यपूर्व दूत स्टिभ विटकोफलाई शुक्रबार जानकारी गराएको जनाएको छ ।

दोहामा भएको भेटमा प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान बिन जसिम अल थानीले विटकोफसँग यस क्षेत्रको पछिल्लो घटनाक्रम र विशेषगरी गाजामा युद्धविराम गर्ने प्रयासबारे छलफल गरेको कतारी विदेश मन्त्रालयले जनाएको छ ।



यसै महिनाको सुरुमा मध्यस्थकर्ताहरूले गाजा युद्ध अन्त्य गर्न र प्यालेस्टिनी क्षेत्रमा बन्धक बनाइएका दर्जनौं इजरायली बन्धकहरूको रिहाइका लागि नयाँ प्रयास सुरु गरेका थिए । कूटनीतिक स्रोतहरूले हमास र इजरायलमाथि अप्रत्यक्ष वार्तामा सम्झौता गर्न अन्तर्राष्ट्रिय दबाब बढिरहेको संकेत गरेका छन् । अमेरिकी राष्ट्रपति जो बाइडेनले वार्तामा 'वास्तविक प्रगति' भएको बताएका छन् । ट्रम्पले जनवरी २० मा आफ्नो शपथ ग्रहण गर्नुअघि बाँकी बन्दीहरूलाई रिहा नगरे हमासलाई 'नराम्रो मूल्य चुकाउनुपर्ने' चेतावनी दिएका थिए । विश्लेषकहरूका अनुसार इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले जो बाइडेनको प्रशासनको अन्तिम दिनमा भन्दा ट्रम्पको कार्यकालमा सम्झौतालाई अन्तिम रूप दिन चाहेको बताइँदै आएको छ ।

इजरायली थिंक ट्यांक 'मिसगाभ इन्स्टिच्युट फर नेसनल सेक्युरिटी एण्ड जियोनिस्ट स्ट्राटेजी'का वरिष्ठ अनुसन्धाता कोबी माइकलले यसै साताको सुरुमा एएफपीसँग भनेका थिए, 'अमेरिकी राष्ट्रपतिमा निर्वाचित रिपब्लिकन नेता ट्रम्पले कार्यभार सम्हाल्दासम्म म महत्त्वपूर्ण प्रगतिको अनुमान गर्न सक्दिनँ ।' *रासस/एएफपी*

# जेजु एयर विमान दुर्घटना हुनुअघि नै ब्ल्याक बक्सको रेकर्डिङ रोकिएको खुलासा

**सियोल–** दक्षिण कोरियाको यातायात मन्त्रालयले दुर्घटनाग्रस्त जेजु एयरको विमानको फ्लाइट डेटा र ककपिट भ्वाइस रेकर्डर भएको ब्ल्याक बक्सले दुर्घटना हुनुभन्दा चार मिनेटअघि रेकर्डिङ गर्न छोडेको जनाएको छ ।

गत डिसेम्बर २९ मा थाइल्याण्डबाट दक्षिण कोरियाको मुआनका लागि उडेको बोइङ ७३७-८०० विमान मुआन विमानस्थलमा अवतरण गर्दा सिमेन्टको पर्खालमा ठोक्किएर दुर्घटनाग्रस्त हुँदा विमानमा सवार १७९ जनाको मृत्यु भएको थियो भने दुई जनालाई जीवितै उद्धार गरिएको थियो । यो दक्षिण कोरियाली भूमिमा अहिलेसम्मकै सबैभन्दा खराब हवाई दुर्घटना थियो ।



'विश्लेषणले सिभिआर र एफडिआर दुवैले दुर्घटनाभन्दा चार मिनेट पहिलेको अवधिमा रेकर्ड नगरिएको देखाएको छ,' यातायात मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ । प्रारम्भिक अनुसन्धानले विमान अवतरणमा मद्दत गर्ने वा 'ब्लाइन्ड ल्यान्डिङ'मा प्रयोग हुने रेडियो ट्रान्समिटर (लोकलाइजर) दुर्घटनाको गम्भीरता बढाउनका लागि दोषी ठहऱ्याएको छ ।

क्षतिग्रस्त फ्लाइट डेटा रेकर्डरलाई दक्षिण कोरियाली अधिकारीहरूले डेटा निष्कर्षका लागि अप्राप्य भनेका थिए भने यसलाई अमेरिकी राष्ट्रिय यातायात सुरक्षा बोर्डको प्रयोगशालामा विश्लेषणका लागि संयुक्त राज्य अमेरिका पठाएका थिए । उडानको अन्तिम क्षणहरूको जानकारी रेकर्ड गर्ने बक्सहरूमा तथ्यांक नष्ट भएको पाइएको र यो किन र कसरी भयो भन्ने विषय खोजी भइरहेको अधिकारीहरूले बताए । 'जारी दुर्घटना अनुसन्धानका क्रममा तथ्यांक हराउनुको कारण पत्ता लगाउने प्रयास जारी छ,' मन्त्रालयले भनेको छ ।

दक्षिण कोरियाली र अमेरिकी अन्वेषकहरूले अझै पनि दुर्घटनाको कारणबारे अनुसन्धान गरिरहेका छन् । अनुसन्धानकर्ताहरूले ती बाकसहरू अनुसन्धानका लागि महत्त्वपूर्ण रहेको बताउँदै दुर्घटनाको कारण पत्ता लगाउने प्रयास जारी रहने बताए । 'विभिन्न तथ्यांकको परीक्षण र विश्लेषण गरेर अनुसन्धान गरिने छ । दुर्घटनाको कारण पत्ता लगाउन समिति सक्दो प्रयास गर्न प्रतिबद्ध छ,' मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

अनुसन्धानकर्ताहरूले चराको आक्रमण, खराब अवतरण गियर र रनवे अवरोधलाई सम्भावित समस्याको रूपमा औंल्याएका छन् । चालकले पहिलो अवतरण प्रयासअघि नै चराको आक्रमण (चरासँग ठक्कर) खानसक्ने चेतावनी दिएका थिए, त्यसपछि दोस्रो अवतरण प्रयासमा ल्यान्डिङ गियरले काम गरेको थिएन । यसै हप्ता प्रमुख अनुसन्धानकर्ता ली सेउङ-योलले पत्रकारहरूसँग कुरा गर्दै घटनास्थलमा रहेको विमानको एउटा इन्जिनमा 'प्वाँखहरू फेला परेको' बताएका थिए ।

अधिकारीहरूले दुर्घटना भएको स्थानमा रहेको मुआन विमानस्थल, दक्षिणपश्चिमी सहरमा रहेको क्षेत्रीय उड्डयन कार्यालय र राजधानी सियोलस्थित जेजु एयरको कार्यालयमा छापा मारेका छन् । उनीहरूले जेजु एयरका प्रमुख कार्यकारीलाई पनि देश छोडी बाहिर जान रोक लगाएका छन् । विपक्षी दलले दुर्घटनाको छानबिनका लागि संयुक्त कार्यदल गठन गरेका थिए भने यातायातमन्त्री पार्क साङ-वूले यसै साता राजीनामा दिएका थिए ।

राजीनामाको घोषणा गर्दै उनले भनेका थिए, 'उड्डयन सुरक्षाको जिम्मेवारीमा रहेको मन्त्रीको हैसियतले मैले यस त्रासदीप्रति ठूलो जिम्मेवारी महसुस गरेको छु र स्वतन्त्र अनुसन्धानका लागि मार्गप्रशस्त गरेको छु ।' *रासस/एएफपी*

# इस्लाम महिला छात्रा शिक्षा सम्मेलन सुरु



**इस्लामावाद–** इस्लामिक समुदायमा छात्रा शिक्षासम्बन्धी शिखर सम्मेलन पाकिस्तानको इस्लामावादमा शनिबार सुरू भएको छ । सम्मेलनमा नोबेल शान्ति पुरस्कार विजेता मलाला युसुफजाई पनि सहभागी भएकी छन् । सम्मेलनमा सहभागी हुनुपूर्व पत्रकारसँगको प्रतिक्रियामा युसुफजाईले छात्रा शिक्षासम्बन्धी शिखर सम्मेलनमा भाग लिन आफ्नो जन्मथलो फर्कन पाउँदा आफू निकै हर्षित भएको बताएकी छन् ।

यो शिखर सम्मेलनमा मुस्लिम बहुल देशहरूबाट शैक्षिक क्षेत्रका हस्तीहरूको सहभागिता रहेको छ तर अफगानिस्तानले कुनै पनि सहभागिता जनाएको छैन । अफगानिस्तानमा किशोरी तथा महिलाहरूलाई विद्यालय जान प्रतिबन्धित गरिएको छ ।

पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले राजधानी इस्लामावादमा शिखर सम्मेलनको उद्घाटन गर्दै भने, 'बालिकाका लागि शिक्षामा समान पहुँच सुनिश्चित गर्न पाकिस्तानलगायत मुस्लिम विश्वले महत्त्वपूर्ण चुनौतीको सामना गरिरहेको छ ।'

सरिफले भने, 'बालिकाहरूलाई शिक्षा दिन इन्कार गर्नु भनेको उनीहरूको आवाज र छनोटलाई इन्कार गर्नु हो र उनीहरूको उज्ज्वल भविष्यको अधिकारबाट वञ्चित गर्नु हो ।' पाकिस्तानका शिक्षामन्त्री खालिद मकबूल सिद्दिकीले एएफपीसँग कुरा गर्दै इस्लामाबादले काबुललाई निमन्त्रणा दिएको तर अफगान सरकारका तर्फबाट कोही पनि सम्मेलनमा सहभागी नभएको बताए ।

शिखर सम्मेलनको समर्थन गर्ने मुस्लिम वर्ल्ड लिगका महासचिव तथा साउदी धर्मगुरू मोहम्मद अल इसाले किशोरीलाई विद्यालय जानबाट वञ्चित गरिनु नहुने बताए । उनले भने, 'सम्पूर्ण मुस्लिम विश्वले छात्रा शिक्षा महत्त्वपूर्ण छ भन्ने कुरामा सहमत भएको छ र छात्रा शिक्षालाई गैरइस्लामिक भन्नु गलत बुझाइ हो ।'

सन् २०१२ मा पाकिस्तानी तालिबान लडाकुको गोली लागेर घाइते भएकी युसुफजाईले आज आइतबार सम्मेलनलाई सम्बोधन गर्ने कार्यक्रम छ । 'म वास्तवमै सम्मानित, अभिभूत र खुसी छु,' आफ्ना आमाबाबुसँग सम्मेलनमा पुगेकी युसुफजाईले एएफपीसँग भनिन् ।

शुक्रबार उनले सामाजिक सञ्जालमा लेखेकी थिइन्, 'नेताहरूले अफगान महिला र बालिकाविरुद्ध गरेको अपराधका लागि तालिबानलाई किन जवाफदेही बनाउनुपर्छ भन्ने विषयमा कुरा गर्ने छु ।' सन् २०२१ मा सत्तामा फर्किएपछि अफगान तालिबान सरकारले इस्लामी कानुनको कडा संस्करण लागू गरेको छ जसलाई संयुक्त राष्ट्रसंघले 'लैंगिक विभेद' भनेको छ ।

पाकिस्तानले आफैं पनि गम्भीर शैक्षिक संकटको सामना गरिरहेको छ र दुई करोड ६० लाखभन्दा बढी बालबालिका विद्यालयबाहिर रहेको सरकारी तथ्यांकले देखाएको छ । सरिफले भने, 'अपर्याप्त पूर्वाधार, सुरक्षा चिन्ताका साथै गहिरो रूपमा जमेको सामाजिक मान्यताहरू छात्रा शिक्षाको बाधक हुन् ।'

सम्मेलनको उद्घाटनमा सहभागी क्लिनिकल साइकोलोजी अध्ययन गरिरहेकी २३ वर्षीया जाहरा तारिकले एएफपीसँग भनिन्, 'अन्ततः हामीले मुस्लिम छात्राको शिक्षामा राम्रो पहल गरेका छौं । ग्रामीण भेगका बासिन्दाले अझै पनि समस्या भोगिरहेका छन् । कुनै-कुनै अवस्थामा तिनीहरूका परिवारहरू नै पहिलो बाधक हुन्छन् ।' *रासस/एएफपी*

# जर्मनीमा भैंसीमा रोगको संक्रमण

**बर्लिन–** जर्मनीले शुक्रबार बर्लिन नजिकैको एउटा फार्ममा भैंसीको खुट्टा र मुख रोगको तीनवटा घटनाहरू रेकर्ड गरेको छ, जुन सन् १९८८ पछि देशमा पशुधन रोगको पहिलो घटना हो । खुट्टा र मुख रोग एक अत्यधिक भाइरल संक्रमण हो । यसले भेडा र सुँगुरसहित केही अन्य स्तनपायीहरूलाई असर गर्छ ।

राज्यका प्रवक्ताले एएफपीलाई भने, 'बर्लिन वरपरको पूर्वी राज्य ब्रान्डेनबर्गमा संक्रमण पहिचान गरिएको थियो । यो राष्ट्रिय सरकारको पशु स्वास्थ्य संस्थानले पुष्टि गरेको थियो ।' यहाँ तीन संक्रमित जनावरहरू मरेका बिल्ड दैनिकले रिपोर्ट गरेका छन् ।

खाद्य र कृषि मन्त्रालयका प्रवक्ता माइकल हकले यो सन् १९८८ पछि जर्मनीमा पहिलोपटक प्रकोप भएको पुष्टि गरे । 'तीन किलोमिटर (करिब दुई माइल) चौडा बहिस्करण क्षेत्र र १० किलोमिटर चौडाइको निगरानी क्षेत्र तोकिएको छ ।'

बेलायती सरकारका अनुसार युरोपमा सन् २००७ मा प्रकोपपछि यो रोग नियन्त्रण गर्न दुई हजारभन्दा बढी जनावर मारिएका थिए । साथै, सन् २०११ मा बुल्गेरियामा प्रकोपपछि सयौं जनावर मारिए । *रासस/एएफपी*

# कोलम्बियामा विमान दुर्घटना हुँदा १० जनाको मृत्यु

**बोगोटा–** उत्तरपश्चिमी कोलम्बियामा एउटा सानो विमान दुर्घटना हुँदा कम्तीमा १० जनाको मृत्यु भएको अधिकारीहरूले शुक्रबार पुष्टि गरेका छन् ।

प्यासिफिका ट्राभलद्वारा सञ्चालित उक्त विमान बुधबार जुराडोबाट मेडेलिन जाँदै गर्दा बेपत्ता भएको र एन्टिओक्वियाको उत्तरपश्चिम कोलम्बियाली विभागको उराओको ग्रामीण क्षेत्रमा दुर्घटनाग्रस्त भएको बताइएको छ । सो जहाजमा चालक दलका दुई सदस्य र आठ यात्रु सवार थिए ।

एन्टिओक्वियाको जोखिम व्यवस्थापन विभागका निर्देशक कार्लोस रियोस पुएर्टाले भने, 'दुर्भाग्यवश, त्यहाँ कोही पनि बाँचेका छैनन् । हामीसँग साइटमा ३७ जना कर्मचारीहरू काम गरिरहेका छन् । प्रतिकूल मौसमी अवस्थाले रिकभरी प्रक्रियालाई जटिल बनाएको छ ।' 'हामीले यो प्रक्रियालाई सकेसम्म छिटो र प्रभावकारी बनाउन प्रयास गरिरहेका छौं,' उनले थपे ।



प्यासिफिक ट्राभलले विज्ञप्ति जारी गर्दै पीडित परिवारलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । 'हामी सधैं तिनीहरूको साथमा रहने छौं । यस दुखद घटनाबाट उत्पन्न हुने हरेक आवश्यकतालाई पूरा गर्नेछौं ।' *रासस/सिन्ह्वा*

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – | प्रति तोला – | प्रति तोला – |
| १५४१०० | ० | १८४५ |

## जलवायु परिवर्तनका मुद्दा मिलेर समाधान गर्नुपर्छ : *अर्थमन्त्री*

■ प्रभाव संवाददाता




**काठमाडौं–** अर्थमन्त्री विष्णुप्रसाद पौडेलले जलबायु परिवर्तन र व्यापारमा दिगोपनाका मुद्दा कुनै मुलुक विशेषको भन्दा पनि विश्वव्यापी साझा मुद्दा रहेकाले सबै मुलुकहरू मिलेर समाधान गर्नेतर्फ लाग्नुपर्ने धारणा राखेका छन् ।

शनिवार राजधानीमा विश्व व्यापार संगठन(डुब्लुटियो) र काठमाडौं विश्वविद्यालयले आयोजना गरेको 'दक्षिण एसियामा जलवायु परिवर्तन र व्यापारमा दिगोपना विषयक' तेस्रो वार्षिक सम्मेलनको उद्घाटन गर्दै अर्थतन्त्री पौडैलले नेपाल जलवायु परिर्तनको उच्च जोखिममा रहेकाले यसको असर आर्थिक, सामाजिक एवम् पूर्वाधार विकासका क्षेत्रमा समेत स्पष्ट देखिएको बताए । कम जोखिमयुक्त व्यापार पूर्वाधार विकास गर्न र उत्पादन केन्द्रहरूको समेत विकेन्द्रीकरण गरी आपूर्ति श्रृंखलामा समेत विविधिकरण गर्न आवश्यक रहेको उनको भनाई छ ।

दक्षिण एसियाली मुलुकमा जलवायु परिवर्तनले सिर्जना गरेको चुनौती र आगामी दिनमा लिनुपर्ने रणनीतिका विषयमा नीति निर्माता, अनुसन्धानकर्ता र निजी क्षेत्रका प्रतिनिधिवीच छलफल गर्न यस सम्मेलनमार्फत ठुलो सहयोग पुग्ने अर्थमन्त्रीको भनाई छ । जलवायु परिवर्तनबाट नेपाललाई परेको असर र प्रभावको तुलनामा जलवायु परिवर्तनमा नेपालको भूमिका नगण्य रहेकाले नेपालले आफ्नो स्रोत र साधनले संभव भएसम्म जलवायु उत्सर्जन न्यूनीकरण र अनुकूलनका लागि गरेको प्रयास प्राथमिकताका साथ राख्न आवश्यक रहेको उनको भनाई छ । ठुलो लगानीमा निर्माण गरेका पुर्वाधाका संरचनाहरूमा वर्षेनी आउने प्राकृतिक विपत्ति बाढी,पहिरो, भुकम्पका कारण हुने नोक्सानीबाट आपूर्ति श्रृंखलामा पर्ने अवरोधलाई समेत ध्यानमा राखी जलबायुमैत्री विकास प्रक्रियामा क्रियाशिलता लिनुपर्ने उनको भनाई छ ।

दक्षिण एसिया कृषि उत्पादन र यसको व्यापारका लागि महत्वपूर्ण हिस्सा भएकाले जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा आएको र आउन सक्ने चुनौतीलाई सामना गर्ने गरी जलबायु स्मार्ट कृषिको प्रभावकारी कार्यान्वयनको रणनीति बनाउन आवश्यक रहेको उनको भनाई छ ।

सम्मेलनमा काठमाडौं विश्व विद्यालयका रजिष्टार डा. अच्युत वाग्लेले निजीक्षेत्र मैत्री दिगो आर्थिक विकासको आवश्यक रहेकाले यसले भविष्यको दिगो विकासको लागि टेवापुग्ने बताए । जब व्यापारमा दिगोपनको कुरा गर्छौ, त्यहाँ राजस्व र करको कुरा मात्र नभएर लगानी बढी गर्ने प्रणालीको विकास गर्न आवश्यक रहेको उहाँको भनाई छ । नविकरणनीय ऊर्जा व्यापार र हरित अर्थतन्त्रको को कुरा गरिरहेका छौ, रजिष्टार वाग्लले भने, 'अहिले जलबायु परिवर्तन र विश्वव्यापी प्रवृत्ति रहेकाले दक्षिण एसियाको व्यापारलाई न्यायोचित र सन्तुलित तरिकारले प्रवर्द्धन गर्नुपर्छ ।'

सम्मेलनमा रिसर्च सेन्टर फर इन्टरनेशनल ट्रेड ल एण्ड आरविटेसन इष्टबुल विलगि युनिभरसिर्टीका निर्देशक डा .एन पिनर आर्टिरन जलबायु परिर्वतन र वातावरणनीय दिगोपनतालाई ध्यानमा राखेर नेपालले व्यापारलाई अघि बढाउनुपर्ने बताए । कृषि,पर्यटन, व्यापार पुर्वाधार जस्ता विषयमा अध्ययन अनुसन्धान गर्ने वातावरण निर्माण गर्नुपर्ने उनको भनाई छ । सो अवसरमा उद्योग बाणिज्य तथा आपुर्ति मन्त्रालयका सहसचिव देवराज जोशीले व्यापार र जलबायु परिर्वतनका क्षेत्रमा रहेका समस्या र चुनौतिलाई सम्बोधन गरी दिगो व्यापारमा नेपाल अगाडि बढ्नुपर्ने धारणा राखे ।

## महिला सहकारीको २९औं साधारणसभा

**काठमाडौं (प्रस)–** महिला सहकारी संस्था लि.को २९ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । संस्थाको हालै बसेको २९ औं वार्षिक साधारण सभाले आर्थिक वर्ष २०८०/८१ को नाफाबाट शेयरधनी सदस्यहरूलाई चूक्ता पूँजीको १० प्रतिशत लाभांश दिने निर्णय गरेको छ । यस संस्थाले आर्थिक वर्ष २०८०।८१ मा रु. २८ करोड २७ लाख ३८ हजार कुल आम्दानी र रु. २३ करोड ७७ लाख ३ हजार कुल खर्च गरी रु.४ करोड ५० लाख ३४ हजार संचालन नाफा आर्जन गरेको छ ।

यस संस्थाको संचालक समा इल्या भट्टराई, सरस्वती श्रेष्ठ, माधुरी सैजु, उर्मिला डंगोल, अनिता श्रेष्ठ, सुशीला कंसाकार दलि र सरला केसी निर्विरोध निर्वाचित भएका छन् । त्यस्तै लेखा सुपरिवेक्षण समितिमा पूर्ण लक्ष्मी मानन्धर र कलश कार्की निर्विरोध निर्वाचित भएका छन् ।

नेपाल–भारत संयुक्त व्यापार मञ्चको दोस्रो बैठक

## 'नेपाल र भारतबीच आर्थिक क्षेत्रमा अथाह सम्भावना'

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल-भारत संयुक्त व्यापार मञ्च (जेबीएफ) को दोस्रो बैठक चन्द्रागिरी काठमाडौंमा सम्पन्न भएको छ । दुई देशबीचको आर्थिक र व्यावसायिक सम्बन्धलाई अझ प्रगाढ बनाउने उद्देश्यले भएको बैठकमा नेपाल र भारतका प्रतिनिधिहरू सहभागी थिए ।

मञ्चको बैठकमा सहभागीहरूलाई स्वागत गर्दै नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले नेपाल र भारतबीच आर्थिक क्षेत्रमा अथाह सम्भावना रहेको उल्लेख गर्दै दुवै क्षेत्रमा देखिएका समस्या समाधानका लागि नीतिगत सुधार तथा व्यवहारिक समाधान खोजेर अघि बढ्नु पर्ने बताए ।

सो अवसरमा उनले गैर भन्सार अवरोध हटाउने, नेपाली वस्तु निर्यातमा ब्यूरो अफ इन्डियन स्ट्यान्डड्र्स (बिआइएस) को प्रमाणीकरण प्रक्रियाले गर्दा देखिएको समस्या समाधानको लागि सहजिकरण गर्ने, भैरहवा र पोखरा विमानस्थलसंग भारतका शहर जोडने र नेपालका जलविद्युत तथा अन्य निमार्णजन्य विकासको लागि आवश्यक विस्फोटक पदार्थहरू सहज आपूर्ती आवश्यक भएको बताए ।

यस्तै उनले मुन्द्रा (गुजरात), धामरा (ओडिशा) र जवाहरलाल नेहरू (मुम्बई) लगायतका भारतीय बन्दरगाहहरूमा नेपालको पहुँच विस्तारको विषयहरू उठान गरेका थिए । नेपाल भारत वाणिज्य सचिवस्तरिय वैठककै अंगकै रूपमा रहेको जेबिएफ बैठकमा नेपाल र भारतका प्रतिनिधिहरूले व्यापार, लगानी, ऊर्जा, पर्यटन, कृषि, सूचना प्रविधि र पूर्वाधार विकास लगायतका विषयहरूमा छलफल गरेका थिए ।

यस्तै संयुक्त बैठकमा जलविद्युत र नवीकरणीय ऊर्जा, सौर्य, वायु लगायतका परियोजनामा सहकार्य गर्दै स्वच्छ ऊर्जा प्रवर्द्धन, पर्यटन र कनेक्टिभिटी, सडक, रेल र हवाई सम्पर्क सुदृढ गर्दै सीमापार व्यापार सहज बनाउने, व्यापार र सीमापार लगानी, कृषि र औषधीय वनस्पति, कृषि उत्पादनको कोटा हटाई उच्च बीउ तथा प्रविधि उपलब्ध गराउने, औषधीय वनस्पतिहरूमा अनुसन्धान र व्यावसायिकरणको सहकार्य, डिजिटल प्रविधि र स्टार्टअप सहयोग लगायतका विषयहरूमा आवश्यक सहजिकरण गर्ने सहमति भएको छ ।

सो अवसरमा दुवै देशले व्यापारमा देखिएका समस्या समाधान गर्न सहकार्य गर्ने प्रतिबद्धता समेत जनाएका छन् ।

यसैबीच दोस्रो बैठकमा भएका सहमतिका विषयलाई शनिवार नै नेपाल र भारतका वाणिज्य सचिवलाई हस्तान्तरण गरिएको छ । भारतीय वाणिज्य सचिव सुनिल वर्थवाल र नेपालका वाणिज्य सचिव गोविन्द वहादुर कार्कीलाई मञ्चका अध्यक्ष भवानी राणा र सन्थिल कुमारले सो सहती हस्तान्तरण गरेका थिए ।

मञ्चको बैठकपछि आयोजित (जेबिएफ) सदस्य तथा दुवै देशका सरकारी निकायबीचको अन्तरक्रिया कार्यक्रममा बोल्दै उद्योग वाणिज्य तथा आपूर्तीमन्त्री दामोदर भण्डारीले भारत नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार रहेको उल्लेख गर्दै जेबिएफको मिटिङमा भएका सहमतीलाई दुवै पक्षले कार्यान्वयनमा लैजानु पर्ने बताए । उनले दुवै देशबीच आयात निर्यातमा देखिएका समस्याको समाधान सहज ढंगले हुने गरि काम गर्नु पर्ने धारणा समेत राखे । उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयका सचिव गोविन्द बहादुर कार्कीले मञ्चको बैठकबाट प्रस्तुत भएका विषयहरूको व्यवहारिक कार्यान्वयन आवश्यक रहेको बताए ।

उक्त अवसरमा भारतका वाणिज्य सचिव सुनिल बर्थवालले जेबिएफमा उठेका एजेण्डा कार्यान्यवका लागि आफ्नो पक्षबाट पहल गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए । उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले जेबिएफ बैठकमा भएका सहमति कार्यान्वयनको लागि दुवै पक्षले पहल गर्नु पर्ने बताए ।

नेपालका लागि भारतीय राजदूत नविन श्रीवास्तवले दुई देशबीचको आर्थिक मुद्धाहरूमा यो वैठक महत्वपूर्ण रहेका बताउँदै यहाँ उठेका विषयहरूमा सहजीकरणको लागि आफ्नो तर्फबाट पहल गर्ने बताए ।

सो अवसरमा मञ्चका (नेपाल) अध्यक्ष भवानी राणाले नेपाल भारत बीच लगानी र व्यापारको व्यापक सम्भावना रहेको र त्यसबाट लाभ लिन आवश्यक सहजीकरण हुनु पर्ने बताएका थिए । यस्तै भारतीय पक्षबाट एन.सुनिल कुमारले नेपाल भारत बीच सडक, रेल र हवाई कनेक्टिभिटीमा सुधार भइरहेकोले आउने दिनमा थप सहजता थपिने बताए । मञ्चको अर्को बैठक भारतको नयाँ दिल्लीमा आयोजना गरिने सहमती भएको छ ।

कर्पोरेट

## केआरबिएलको इन्डिया गेट प्रिमियम २० किलो प्याक नेपाली बजारमा




**काठमाडौं (प्रस)–** केआरबीएल लिमिटेडले नेपालमा इन्डिया गेट प्रिमियम बासमती (२० किलो प्याक) को लन्च घोषणा गरेको छ । नेपाल इभल्भ मीट २०२५ कार्यक्रममा यो घोषणा गरिएको हो । याक एण्ड यती होटलमा आयोजित एक कार्यक्रमबीच प्रतिष्ठित साझेदार, सहयोगी र परिवर्तनका समर्थकहरूबीच नेपाली बजारमा ल्याइएको हो । यस लन्चले केआरबीएलको रणनीतिक कदमलाई स्पष्ट पार्दछ जसले उपभोक्ताको बढ्दो मागलाई सम्बोधन गर्दै ठूलो र मूल्य-केन्द्रित प्याकेजिङको आवश्यकता पूरा गर्ने लक्ष्य राख्दछ साथै नेपालको प्रत्येक घरमा प्रिमियम गुण स्तरीय बासमती चामल पुऱ्याउने प्रतिबद्धता दृढ बनाउने कम्पनीले जनाएको छ ।

केआरबीएल लिमिटेडका इन्डिया ब्युजिनेस हेड आयुष गुप्ताले नेपाललाई प्राथमिक बजारको रूपमा महत्वपूर्ण रहेको बताउँदै भने, नेपालले केआरबीएलको विकास गाथामा विशेष स्थान ओगटेको दाबी गरेका छन् । कार्यक्रममा आफ्नो विचार व्यक्त गर्दै २५ वर्ष भन्दा बढी समयदेखि इन्डिया गेटका विश्वासिलो वितरक र तरुण एग्रोका हेड आशीष मनाली, केआरबीएसँग साझेदारी असाधारण नै रहेको बताउँदै २५ वर्षदेखि तरुण एग्रोले नेपालमा गर्वसित इन्डिया गेट बासमती चामलको प्रतिनिधित्व गरेदै आइरहेको छ जनाए ।

## डिप्रोक्स लघुवित्तको २३औं साधारणसभा सम्पन्न

**काठमाडौं (प्रस)–** डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको २३ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । लिमिटेडको गत शुक्रबार चितवनको सौराहामा सम्पन्न भएको हो । साधारणसभाले आ.ब. २०८०/ ८१ को बार्षिक प्रतिवेदन पारित गरी आ.ब. २०८०/८१ को लागि लेखापरीक्षकको नियुक्ति लगायतका प्रस्तावहरूसँगै शेयरधनी महानुभावहरूलाई ९.५० प्रतिशत बोनस शेयर र कर प्रयोजनको लागि ०.५० प्रतिसत नगद लाभांश बितरण गर्ने प्रस्ताव समेत पारित गरेको छ । बोनस शेयर पश्चात यस संस्थाको चुक्ता पूँजी रु. १ अर्ब ८६ करोड ८२ लाख ८५ हजार पुगेको छ ।




संस्थाका सञ्चालक समितिका अध्यक्ष दिपक खनालको अध्यक्षतामा सम्पन्न २३ औं वार्षिक साधारण सभामा आ.ब. २०८०र८१ को बार्षिक प्रतिवेदन उपर सहभागी शेयरधनीहरूले राखेका जिज्ञासाहरूको अध्यक्षले स्पष्ट पारेका थिए । साथै सभामा प्रमुख कार्याकारी अधिकृत शेषरमण आचार्यले स्वागत मन्तब्य राखेका थिए भने कार्यक्रम सञ्चलन कम्पनी सचिव ज्ञानेन्द्र अर्यालले गरेका थिए ।

विज्ञापनसम्बन्धी बाँकी बक्यौता रकम भुक्तानी गरिदिनु हुन अत्यन्त जरुरी सूचना !

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **प्रभाव दैनिक** पत्रिकामा विज्ञापन प्रकाशित गर्नुभएका सम्पूर्ण विज्ञापनदाता, म्यानपावर र संघ-संस्थाहरूले विज्ञापन प्रकाशित गरेबापतको बाँकी बक्यौता रकम यही २०८१ साल **पुस मसान्त**भित्र भुक्तानी गरी आफ्नो हरहिसाब मिलान गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि
तथा
प्रभाव दैनिक
सिफल–७, काठमाडौं
फोन नं. ०१–४३७३५७७, ०१–४५८४३६८
marketing2prabhab@gmail.com, prabhabdailynews@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ